# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१६ | काठमाडौं | सोमबार, ०२ चैत २०८२ | Prabhab National Daily | Monday, 16 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पानीका स्रोतको संरक्षण गरौं, जैविक विविधता जोगाऔं ।

- खानेपानीका स्रोतको संरक्षण गरौं,
- पानीको दुरुपयोग रोकौं र आवश्यक मात्र प्रयोग गरौं,
- धारा खुला छोड्ने बानी त्यागौं,
- उच्च पहाडी तथा हिमाली क्षेत्रमा वर्षाको पानी सङ्कलन गर्ने गरौं,
- नदी, ताल, पोखरीको संरक्षण गरौं।
- प्लास्टिकजन्य पदार्थको प्रयोग घटाऔं,
- जलाधार संरक्षणका लागि वृक्षारोपण गरौं,
- पानीजन्य रोगबाट बच्न सरसफाइमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


जाँदाजाँदै विवादित निर्णय

## स्वार्थकेन्द्रित नियुक्तिले प्रधानमन्त्रीको छविमा धक्का

- गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्यमा मनोनयनका लागि सिफारिस गर्ने र प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष नियुक्त गर्ने निर्णयले विवादमा प्रधानमन्त्री
- 'भागबण्डा नगर्ने र पदलोलुपता नदेखाउने' प्रधानमन्त्री कार्कीले विगतमा व्यक्त गरेको प्रतिबद्धता यही विवादित निर्णयबाट खारेज



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री सुशीला कार्कीले सरकारबाट बाहिरिने दिन नजिकिँदा निकट व्यक्तिहरूलाई महत्त्वपूर्ण पदमा सिफारिस तथा नियुक्ति गरेकी छन् । प्रतिनिधिसभा निर्वाचन शान्तिपूर्ण वातावरणमा सम्पन्न गरेर प्रशंसा बटुलेकी उनी आफ्ना सहयोगीलाई लाभको पद दिलाउने निर्णयसँगै आलोचित बनेकी छन् ।

त्यसो त कानुनी शासनको खुबै वकालत गर्ने उनले गत पुसमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दाबाट उन्मुक्ति दिन महान्यायाधिवक्ता सविता भण्डारीमार्फत कदम चालेकी थिइन् । त्यतिबेला प्रधानमन्त्री कार्कीको चौतर्फी आलोचना भएको थियो ।

आइतबार मन्त्रिपरिषद् बैठकबाट गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्यमा मनोनयनका लागि सिफारिस गर्ने र आफ्ना प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष नियुक्त गरिन् । श्रेष्ठ यसअघि नै विवादमा मुछिएका व्यक्ति हुन् । निर्वाचनको सफलताले प्रशंसा बटुल्दै सरकारबाट बाहिरिने बेला प्रधानमन्त्री कार्कीले आलोचित हुने निर्णय गरेकी हुन् ।

उनको यो कदमलाई लिएर राजनीतिक वृत्तमा आलोचना सुरु भएको छ । आलोचकहरूका अनुसार प्रधानमन्त्री कार्कीले विगतमा व्यक्त गरेको 'भागबण्डा नगर्ने र पदलोलुपता नदेखाउने' प्रतिबद्धता यही विवादित कदमले खारेज गरिदिएको छ ।

भनिन्छ, जेन-जी विद्रोहपछि सरकार गठनको क्रममा जेन-जी प्रतिनिधिहरूले भन्दा पनि प्रधानमन्त्री कार्कीले नै गृहमन्त्रीका रूपमा अर्याललाई छनोट गरेकी हुन् । सरकार गठनमा त्यसबेला निर्णायक देखिएका सुधन गुरुङले एक अन्तर्वार्तामा धरान उपमानगरका तत्कालीन प्रमुख हर्क साम्पाङलाई गृहमन्त्री बनाउने तयारी भइरहँदा प्रधानमन्त्रीले सुटुक्क अर्याललाई गोजीबाट गृहमन्त्री छनोट गरेको भन्दै आलोचना गरेका थिए । पछि एमाले अध्यक्ष तथा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, उनका सरकारका गृहमन्त्री रमेश लेखकलाई पक्राउ नगरेको भन्दै सुधनले अर्यालको राजीनामा पटक-पटक मागे ।

यसरी अस्वाभाविकरूपमा प्रधानमन्त्री कार्कीले अर्याललाई गृहमन्त्री बनाउनेदेखि राष्ट्रिय सभा सदस्य बनाउने कदम चालेकी हुन् । यससँगै गृहमन्त्री अर्यालले आइतबार मन्त्रिपरिषद् बैठकपछि आफैंलाई राष्ट्रिय सभा सदस्य मनोनीत गर्ने सरकारले निर्णय गरेको पत्रकारहरूलाई हर्षित हुँदै सुनाए, 'मलाई राष्ट्रिय सभा सदस्यमा मनोनयन गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय भएको छ ।'

क्रमशः पृष्ठ २ माख

सरकारी प्रतिवेदनको निष्कर्ष

# जेन-जी विद्रोहको मूल कारण भ्रष्टाचार र जवाफदेहिताको अभाव

- अर्थ मन्त्रालयद्वारा 'जेन-जी आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' विषयक अध्ययन प्रतिवेदन आइतबार सार्वजनिक
- अध्ययनमा सहभागी ४२० युवामध्ये विद्रोहको मूल कारण व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभाव रहेको बताउने ५५ प्रतिशत
- सरकार र राजनीतिक दल नसच्चिए भविष्यमा यस्ता आन्दोलन पुनः दोहोरिने अध्ययनको चेतावनी
- जेन-जी विद्रोहमा ठूलो क्षति हुनुमा सरकारले सही समयमा निर्णय नगर्नु रहेको निष्कर्ष



फाइल तस्बिर

■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौ २३ र २४ गते भएको जेन-जी विद्रोहको मूल कारण शासकप्रतिको असन्तुष्टिसँगै व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभाव भएको सरकारी अध्ययनले देखाएको छ । अर्थ मन्त्रालयले त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र केन्द्रीय विभाग कीर्तिपुरमार्फत गरेको अनुसन्धानले जेन-जी विद्रोहको मूल कारण व्यवस्थाप्रतिको असन्तुष्टि, बेरोजगारीदेखि कमजोर सुशासनसम्म औंल्याएको हो ।

अध्ययनले गरिखाने वातावरण नबनेको, अब के होला भन्ने प्रश्न उठेको, राजनीतिक दलका नेताहरूप्रति घट्दो विश्वाससँगै बेरोजगारी बढेको विषयहरूसमेत विद्रोहको कारण रहेको उल्लेख गरेको छ । कूल ४२० युवा सहभागी यस अध्ययनमा विद्रोहको मूल कारण व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभावमा ५५ प्रतिशत युवाको मत देखिन्छ । यसैगरी कमजोर सुशासन र सीमित आर्थिक अवसरका कारण विद्रोहमा उत्रनुपरेकोमा २६ प्रतिशत देखिन्छ ।

'आन्दोलन हुनुको कारणबारे जिज्ञासा राख्दा सबैभन्दा बढी करिब ५५ प्रतिशत उत्तरदाताहरूले व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभावको कारणले, करिब २६ प्रतिशतले कमजोर सुशासन र राजनीतिक नेतृत्वप्रति घट्दो विश्वासको कारणले, करिब १२ प्रतिशतले बेरोजगार र सीमित आर्थिक अवसरहरूको कारणले र करिब सात प्रतिशतले समाजिक सञ्जाल तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको प्रतिबन्धको कारणले आन्दोलन भएको बताएका छन्,' उक्त अध्ययनबाट तयार पारिएको प्रतिवेदनमा भनिएको छ, 'अतः यसबाट के प्रस्ट बुझ्न सकिन्छ भने व्यापक भ्रष्टाचार र जवाफदेहिताको अभाव नै आन्दोलन हुनुको प्रमुख कारण देखिन्छ ।'

जेन-जी विद्रोहअघि सामाजिक सञ्जालसमेत बन्द भएको थियो । त्यतिबेला विद्रोहका मूल कारण कतिपयले फेसबुक, ट्विटरलगायत सामाजिक सञ्जाल बन्द गर्नु भएको बताइएको थियो । तर यो अध्ययनमा सात प्रतिशतलेमात्र सामाजिक सञ्जाल बन्द भएकाले विद्रोहमा सहभागी भएको मत राखेका छन् ।

क्रमशः पृष्ठ २ मा

### क्षतिको मुख्य कारण सरकारी कमजोरी

जेन-जी विद्रोहमा भदौ २३ र २४ गते गरी ७७ जनाको मृत्यु भयो । यसका कारण अर्बौंको भौतिक सम्पत्तिसमेत नष्ट भयो । यसको मूल कारण सरकारको कमजोरी भएको प्रतिवेदनमा उल्लेख छ । 'आन्दोलनको सिलसिलामा भएको क्षतिको सम्बन्धमा सन्दर्भमा जिज्ञासा राख्दा सबैभन्दा बढी ५५ प्रतिशत युवाहरूले सरकारको कमजोरी औंलाएका छन् भने ३७ प्रतिशतले अस्वाभाविक तत्वको घुसपैठको कारण औंलाएका छन्,' प्रतिवेदनमा भनिएको छ, 'आठ प्रतिशतले यस्तो क्षति आन्दोलनमा स्वाभाविक परिणामको रूपमा लिएको देखियो । यसलाई विश्लेषण गर्दा यदि सरकारले उपयुक्त समयमा सही निर्णय लिन सकेको भए यति ठूलो क्षति मुलुकले व्यहोर्नुपर्ने थिएन भन्ने बुझाइ धेरै युवाहरूको रहेको छ ।'

यस आन्दोलनका क्रममा भौतिक संरचना तथा निजी प्रतिष्ठानहरूमा तोडफोड र आगजनी हुँदा देशले करिब ८४ अर्ब ४५ करोड रूपैयाँबराबरको भौतिक तथा आर्थिक क्षति व्यहोर्नुपरेको प्रतिवेदनमा तथ्यांक प्रस्तुत गरिएको छ ।

सन्दर्भः वैदेशिक रोजगार

# रोजगारीका लागि आठ महिनामा पाँच लाखभन्दा बढीले छाडे मुलुक

## पश्चिम एसियाको तनावले फागुनमा श्रम स्वीकृति घट्यो

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको आठ महिनामा पाँच लाखभन्दा बढी युवा रोजगारीको खोजीमा विभिन्न मुलुकतर्फ लागेका छन् । वैदेशिक रोजगार विभागले सार्वजनिक गरेको चालु आर्थिक वर्षको साउनदेखि फागुन मसान्तसम्मको तथ्यांकअनुसार उक्त अवधिमा पाँच लाख ३१ हजार १२० जना श्रम स्वीकृति लिएर विदेश लागेका हुन् । यो संख्या संस्थागत तथा व्यक्तिगत श्रम स्वीकृति लिने र श्रम स्वीकृति नवीकरण गरेर जानेहरूको हो ।

गत फागुन महिनामा रोजगारीमा जानेको संख्या भने घटेको छ । उक्त महिनामा ५२ हजार ९४४ जनाले मात्र श्रम स्वीकृति लिएका छन् । जसमा ४६ हजार ४५२ जना पुरुष र छ हजार ४९२ जना महिला छन् । अघिल्लो महिना माघसम्म मासिक औसत ६८ हजार ३११ जना रोजगारीमा गएका थिए । फागुन १६ गतेदेखि पश्चिम एसियामा द्वन्द्व चर्किंदा सो क्षेत्रको रोजगारी बन्द भएको छ । द्वन्द्वले आवागमन बन्द हुँदा रोजगारीमा जानेहरूको संख्या घटेको छ ।



फाइल तस्बिर

नेपालीहरूको प्रमुख गन्तव्य रहेको क्षेत्रमा युद्धको असर पर्दा श्रम स्वीकृति दिन सरकारले बन्द गरेको छ । जसकारण रोजगारीमा जानेको संख्या फागुनमा घटेको हो । फागुनमा पहिलोचोटि रोजगार गर्न जानेहरूको संख्यामा विगतका महिनाभन्दा कमी आएको छ । फागुनमा २८ हजार ३८३ जना पहिलोपटक विदेसिएको तथ्यांक छ, जसमा २४ हजार १२९ जना पुरुष र चार हजार २५४ जना महिला छन् । संस्थागत माध्यमबाट २० हजार १३० जना जाँदा १७ हजार १६६ जना पुरुष र दुई हजार ४६९ जना महिला छन् ।

विभागका अनुसार उक्त महिना व्यक्तिगत श्रम स्वीकृति लिएर सात हजार ६४५ जना विदेसिएका छन् । यसरी जानेहरूमा पाँच हजार ९८६ जना पुरुष र एक हजार ६५९ जना महिला छन् । त्यस्तै, जिटुजीमार्फत जम्मा ५७४ जना जाँदा ४४० जना दक्षिण कोरिया र १३४ जना इजरायल गएको तथ्यांक छ ।

फागुनमा युवाहरू रोजगारीको सिलसिलामा १०४ वटा मुलुक पुगेका छन् । उनीहरू म्यानपावरबाट १४ र व्यक्तिगत श्रम स्वीकृतिमा ९० वटा मुलुकमा गएका छन् ।

### मलेसिया प्रमुख गन्तव्य

पश्चिम एसिया द्वन्द्वग्रस्त बन्दा गत फागुनमा मलेसिया प्रमुख गन्तव्य बनेको छ । उक्त मुलुकमा सबैभन्दा धेरै १२ हजार ६०४ जना रोजगारीका लागि गएका छन् । लामो समयदेखि पहिलो गन्तव्य बन्दै आएको संयुक्त अरब इमिरेट्स (युएई) भने दोस्रोमा झरेको छ । युएईमा ११ हजार ४९२ जना गएका छन् । त्यसपछि, कतारमा छ हजार ७५७ जना, साउदी अरबमा छ हजार २२५ र रोमानियामा तीन हजार २६८ जना पुगेका छन् । यो फागुन महिनाको तथ्यांक हो ।

क्रमशः पृष्ठ २ मा

# दलहरूले बुझाए समानुपातिक सांसदको सूची

आयोगले बन्दसूचीमा रहेको नाम र समावेशी क्लस्टर रूजु गरेपछि ११० सांसद टुंगो लाग्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ निर्वाचित हुने सदस्यहरूको नामावली राष्ट्रिय दलको मान्यता प्राप्त छ राजनीतिक दलले निर्वाचन आयोगमा बुझाएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा), श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले समानुपातिक सांसदहरूको नाम छनोट गरेर आइतबार आयोगमा पठाएका हुन् ।

आयोगले तोकेको समयसीमाभित्र दलहरूले निर्वाचनअघि बुझाएको बन्दसूचीका आधारमा प्राप्त सिट संख्याअनुसार समावेशी क्लस्टर मिलाएर सांसदहरूको नाम चयन गरेका छन् । आयोगले प्राप्त नामावलीको समावेशी समूह, बन्दसूचीको क्रम तथा संवैधानिक व्यवस्था मिलेको-नमिलेको परीक्षण गर्ने सहायक प्रवक्ता कुलबहादुर जिसीले बताए ।

क्रमशः पृष्ठ २ मा

### कुन दलबाट समानुपातिकमा को-को परे ?

**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)**

**खस आर्य (१६ महिला १ पुरुष)**

प्रतिभा रावल
रचना खतिवडा
लिमा अधिकारी
विदुषी राणा
समीक्षा बास्कोटा
श्रद्धा कुँवर
टीका संग्रौला
क्रान्तिशिखा धिताल
आकृति अवस्थी
सृष्टि भट्टराई
मञ्जु भुसाल
प्रभा कार्की
शोभा खनाल
रत्नाकुमारी थापा
ज्ञानु पौडेल
प्रभा ढकाल
रमेश प्रसाईं

**आदिवासी जनजाति (१३ महिला ३ पुरुष)**

बसुमाया तामाङ
गंगा छन्त्याल
सुन्नीमा उदास
अनुष्का श्रेष्ठ
ओजस्वी शेरचन
सिर्जना श्रेष्ठ
रजनी श्रेष्ठ
कुसुम महर्जन
भूमिका श्रेष्ठ
प्रमिला कुलुजु
सुजाता तामाङ
कृपा महर्जन
एलिजा गुरूङ
राम लामा
खुश्बुसरकार श्रेष्ठ
मिङ्माग्याबु शेर्पा

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## जेन-जी...

उक्त आन्दोलनका कारण एमाले र कांग्रेस गठबन्धनको तत्कालीन सरकार ढलेको थियो । तत्कालीन प्रधानमन्त्री एमाले अध्यक्ष केपी शर्मा ओली सुरक्षा निकायको संरक्षणमा प्रधानमन्त्री निवास बालुवाटारबाट हेलिकप्टरमा भाग्नुपरेको थियो ।

प्रा.डा. रामप्रसाद ज्ञवाली, डा. प्रांशु नेपाल, डा. दीपकबहादुर अधिकारीमार्फत अध्ययन गरिएको यस प्रतिवेदनमा शासक वर्गले गरेको व्यवहार र जनताको असन्तुष्टिबाट पनि युवाहरू आन्दोलनमा उत्रेको निष्कर्ष निकालिएको छ । 'यसबाट के प्रस्ट बुझ्न सकिन्छ कि विगत लामो समयदेखिका शासकहरूले गरेको व्यवहार र शासन पद्धतिबाट जनताहरू बढी नै असन्तुष्टि रहेको कारणले गर्दा आन्दोलनमा सरिक भएको देखिन्छ,' अध्ययन प्रतिवेदनमा भनिएको छ, 'लामो समयदेखि विद्यमान कमजोर शासन प्रणाली, निरन्तरको राजनीतिक अस्थिरता, नीति निर्माण र कार्यान्वयनबीचको ठूलो अन्तर, शासन प्रणाली क्रमशः कमजोर पारिँदै लैजानु तथा संस्थागत क्षमताको अभावले युवाहरूमा गहिरो निराशा पैदा गरेको देखिन्छ । राज्यका औपचारिक संरचनाहरूले जनसंख्याको सबैभन्दा ठूलो हिस्सा ओगट्ने युवाहरूको आवाज, आवश्यकता र सम्भावनालाई पर्याप्त रूपमा समेट्न नसक्दा जेन-जी पुस्ताले प्रणालीगत सुधारको मागसहित आन्दोलन सुरु गरेको अवस्था देखिन्छ ।'

'जेन-जी आन्दोलनको बुझाइः मूल कारण, वास्तविकता र सबल नेपालका लागि मार्गचित्र' विषयक १५० पृष्ठको प्रतिवेदन अर्थ मन्त्रालयले आइतबार सार्वजनिक गरेको हो ।

### सुशासनका लागि युवाको आवाजलाई सम्मान गर्न सुझाव

अध्ययनले सुशासन र विकासका लागि युवा पुस्ताको सहभागिता बढाउन सुझाव दिएको छ । नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक संक्रमणको सन्दर्भमा जेन-जी युवापुस्ता जनसांख्यिक लाभको सम्भावनामात्र नभई राज्य पुनर्संरचना र दीर्घकालीन विकासको निर्णायक शक्ति बनेको उल्लेख गर्दै अध्ययनमा भनिएको छ, 'डिजिटल प्रविधि, लोकतान्त्रिक चेतना र विश्वव्यापी सूचनामा पहुँच भएको यो पुस्ताले सुशासन, पारदर्शिता र अवसरयुक्त प्रणालीको अपेक्षा राखेको भए पनि शासन प्रणालीका कमजोरी नीतिगत अस्थिरता र सीमित आर्थिक अवसरका कारण असन्तुष्टि व्यक्त गर्दै परिवर्तनको माग गर्दै आन्दोलन गरेका थिए । सबल नेपाल निर्माणका लागि युवालाई समस्याको रूपमा नबुझी समस्या समाधानका साझेदारका रूपमा स्वीकार गर्नु अपरिहार्य रहेको देखाउँछ ।'

नीति निर्माण प्रक्रियादेखि प्रशासनिक सेवा सुधारमा युवाको भूमिका पनि महत्त्वपूर्ण देखिएको अध्ययनमा उल्लेख छ । 'डिजिटल नवप्रवर्तन, इ-गभर्नेन्स र सेवा प्रवाहको सरलीकरणमार्फत युवाले प्रशासनलाई प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउन सक्ने धारणा धेरैमा रहेको छ । सुशासन तथा जवाफदेहिता अभिवृद्धिमा युवा सहभागिता अनिवार्य मानिएको छ,' अध्ययनमा भनिएको छ, 'युवाको सक्रिय निगरानी नीति बहस र नागरिक अभियानले भ्रष्टाचार नियन्त्रण र उत्तरदायी शासन सुदृढ गर्न सहयोग पुऱ्याउने विश्वास गरिएको छ ।'

प्रतिवेदनमा जेन-जी विद्रोहपछि नेपालमा सुशासन र युवा सहभागिता अझ महत्त्वपूर्ण बनेको उल्लेख गरिएको छ । 'युवा वर्गले सरकारमा पारदर्शिता, जवाफदेहिता र न्यायपूर्ण नीति चाहन्छ । त्यसैले युवाहरूलाई निर्णय प्रक्रियामा समावेश गर्न र उनीहरूको आवाजलाई सम्मान गर्न आवश्यक देखिन्छ,' प्रतिवेदनमा भनिएको छ, 'डिजिटल प्रविधि र सामाजिक सञ्जालमार्फत युवाहरूलाई सक्रिय बनाउन, क्षमता विकास र नेतृत्व विकास सम्बन्धमा प्रशिक्षण दिनुपर्दछ ।'

प्रतिवेदनले सरकार र राजनीतिक दलहरूलाई सच्चिन सुझाव दिँदै तत्काल सुधारका कदम नचाले भविष्यमा यस्ता आन्दोलन पुनः दोहोरिने चेतावनी दिएको छ । यसका लागि प्रतिवेदनमा केही सुझावहरू दिइएको छ । यसका लागि विभिन्न आयोगमा राजनीतिक नियुक्ति बन्द गर्न र मालपोतजस्तो कार्यालयमा विचौलिया बन्द गर्न सुझाएको छ । 'अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सर्वोच्च अदालतलगायतका संवेदनशील निकायहरूमा राजनीतिक नियुक्ति बन्द गरी योग्यता र प्रतिस्पर्धाका आधारमा नियुक्ति गरिनुपर्ने,' भनिएको छ, 'मालपोत, कर, यातायातलगायतका कार्यालयलाई पूर्णरूपमा डिजिटलाइज गरी बिचौलियामुक्त बनाउने ।'

यसैगरी माध्यमिक र उच्च शिक्षालाई सीपमूलक र व्यावहारिक बनाउँदै बजारको मागअनुसारको जनशक्ति उत्पादन गर्ने, राज्यको नीति निर्माण, बजेट तर्जुमा र सार्वजनिक खर्चको अनुगमनमा जेन-जी पुस्तालाई प्रत्यक्ष सहभागी गराउने संयन्त्र गठन गर्ने र आन्दोलनबाट क्षति पुगेका निजी उद्योग व्यवसायलाई सस्तो ब्याजदरमा ऋण र ब्याज अनुदान दिएर अर्थतन्त्रलाई चलायमान बनाउनसमेत प्रतिवेदनले सुझाएको छ ।

■■■

## स्वार्थकेन्द्रित...

स्रोतका अनुसार राष्ट्रिय सभाको उक्त मनोनीत सिटका लागि राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री कार्कीबीच फरक-फरक नामबारे चर्चा थलेको थियो । अन्ततः प्रधानमन्त्रीको चाहनाअनुसार अर्यालकै नाम मन्त्रिपरिषद्बाट सिफारिस गरिएको हो । अर्यालको अवधि चार वर्षको हुने छ । अध्यक्ष श्रेष्ठको भने पाँच वर्ष हुने छ । पूर्वअध्यक्ष ऐनबहादुर शाहीले पदबाट राजीनामा दिएपछि रिक्त रहेको पदमा सिन्धुलीका श्रेष्ठलाई नियुक्त गरिएको गृहमन्त्री अर्यालले बताए ।

प्रधानमन्त्री कार्कीले सरकारबाट बाहिरिने अवस्थामै आफ्ना विश्वासपात्रहरूलाई महत्त्वपूर्ण पदमा व्यवस्थापन गरेर 'बेथितिलाई निरन्तरता' दिएकी हुन् । जबकि, उनले सत्ता सम्हालेपछि बारम्बार भागबण्डा नगर्ने, पदलोलुपता नदेखाउने र आसेपासेलाई अवसर नदिने प्रतिबद्धता व्यक्त गर्दै आएकी थिइन् । तर पछिल्ला निर्णयहरू प्रतिबद्धताअनुरूप नदेखिएको हो ।

'आसेपासे'लाई नियुक्ति दिलाएर प्रधानमन्त्री कार्की पनि कृपावाद र नातावादको पक्षपोषक देखिइन् । यसले सरकारको उच्च तहमा रहेका व्यक्तिहरूले सार्वजनिक रूपमा सुशासन र पारदर्शिताको प्रतिबद्धता व्यक्त गर्ने तर व्यवहारमा भने आफ्नै निकट व्यक्तिलाई नियुक्ति दिने प्रवृत्ति दोहोरिएको आरोप लागिरहेको छ ।

■■■

## रोजगारीका...

उक्त महिना महिलाहरूका लागि भने युएई नै पहिलो गन्तव्य बनेको छ । सो महिना एक हजार ६५२ जना महिला युएई गएका छन् । यद्यपि, विगतमा प्रत्येक महिना औसतमा दुई हजार ५०० को हाराहारीमा महिलाहरू युएई जाने गर्थे । त्यसपछि मलेसियामा ७५४, साइप्रसमा ६२०, कतारमा ५९९ र कुवेतमा ५०० जना गएका छन् ।

जिल्लागत तथ्यांक हेर्दा रोजगारीमा जाने सबैभन्दा धेरै धनुषाबाट दुई हजार ४७९ जना छन् । उक्त जिल्लाबाट दुई हजार ४४९ जना पुरुष विदेसिदा महिला भने ३० जनामात्र छन् । त्यसपछि, झापाबाट दुई हजार ३६५, मोरङबाट दुई हजार १४०, सिरहाबाट एक हजार ८४५ र महोत्तरीबाट एक हजार ७९१ जना रोजगारीका लागि विदेश लागेका छन् । सबैभन्दा कम मनाङबाट नौ जना पुरुष र दुई जना महिला गरी ११ जना परदेसिएका छन् ।

उक्त एक महिनामा सबैभन्दा बढी ३१ हजार २२३ जना दक्ष श्रमिक रोजगारीमा गएका छन् । दक्ष श्रमिकमध्ये २७ हजार २८१ जना पुरुष र तीन हजार ९४२ जना महिला छन् । त्यसपछि १३ हजार ५५४ जना अदक्ष कामदार विदेसिदा ११ हजार ६९४ जना पुरुष र एक हजार ८६० जना महिला छन् । त्यस्तै अर्धदक्ष ९३८, व्यावसायिक १७९ र उच्च दक्ष ५० जना कामदार रोजगारीमा गएका छन् ।

■■■

## दलहरूले बुझाए...

'छ वटै राजनीतिक दलले समानुपातिक निर्वाचन प्रणालीबाट सांसदहरूको नाम छनोट गरेर पठाएका छन्, अब हामी समावेशी समूह र बन्दसूचीको क्रमअनुसार मिलेको छ कि छैन भनेर हेर्छौं,' उनले प्रभावसँग भने ।

दलहरूले समानुपातिकतर्फको ११० सिटमा सांसदहरूको नाम सिफारिस गरेका छन् । रास्वपाले ५७, कांग्रेसले २०, एमालेले १६, नेकपाले नौ तथा श्रम संस्कृति र राप्रपाले चार-चार सिटमा सांसदहरूको नामावली निर्वाचन आयोगमा बुझाएका हुन् । रास्वपाले बुझाएको समानुपातिक सांसदहरूको सूचीमा ४८ महिला र नौ पुरुष रहेका छन् ।

खस आर्यमा प्रतिभा रावल, रचना खतिवडा, लिमा अधिकारी, विदुषी राणा, समीक्षा बास्कोटा, श्रद्धा कुँवर, टीका संग्रौला, क्रान्ति शिखा धिताल, आकृति अवस्थी, सृष्टि भट्टराई, मञ्जु भुसाल, प्रभा कार्की, शोभा खनाल, रत्नाकुमारी थापा, ज्ञानु पौडेल, प्रभा ढकाल र रमेश प्रसाईं छन् ।

आदिवासी जनजातिबाट बसुमाया तामाङ, गंगा छन्त्याल, सुन्नीमा उदास, अनुष्का श्रेष्ठ, ओजस्वी शेरचन, सिर्जना श्रेष्ठ, रजनी श्रेष्ठ, कुसुम महर्जन, भूमिका श्रेष्ठ, प्रमिला कुलुजु, सुजाता तामाङ, कृपा महर्जन, एलिजा गुरुङ, राम लामा, खुश्बु सरकार श्रेष्ठ र मिङ्मार्ग्याबु शेर्पाको नाम सिफारिस गरिएको छ । रास्वपाले मधेसीबाट पुनमकुमारी अग्रवाल, निशा मेहता, ललिता कुमारी, अंकिता ठाकुर, सरिता महतो, कामिनी कुमारी, पुरुषोत्तम सुप्रभात यादव र खगेन्द्र कर्णको नाम आयोगमा बुझाएको छ ।

दलितबाट रीमा विश्वकर्मा, अमृता विक, सीता बादी, स्मृति सेञ्चुरी, सुष्मा स्वर्णकार, तारा विश्वकर्मा र खिमा विक तथा थारुबाट गीता चौधरी, करिस्मा कठरिया, सुरेन्द्र चौधरी, प्रेमलाल चौधरी र मुस्लिमबाट समिना मिया, अफ्साना बानु र गलाजा शमीम मिकरानीको नाम आयोगमा बुझाएको छ । नेपाली कांग्रेसले समानुपातिकतर्फ पाएको २० सिटमा विभिन्न समुदायबाट सांसद चयन गरेको छ । खसआर्य कोटाबाट सुशीला ढकाल, रुक्मिणीदेवी कोइराला, रीना उप्रेती, सीता थपलिया, गंगा शाही र अर्जुननरसिंह केसी चयन भएका छन् ।

आदिवासी जनजातिबाट गीताकुमारी सेन्दाङ, गंगालक्ष्मी अवाल, गीता गुरुङ, रेनुका काउचा, सुनिताकुमारी सुवेदी र भीष्मराज आङ्देम्बे परेका छन् । मधेसी कोटाबाट निनुकुमारी कर्ण, रेखाकुमारी यादव र चन्द्रमोहन यादव चयन भएका छन् भने दलित कोटाबाट हरिनादेवी कामी, पवित्रा विक र मानबहादुर नेपाली छन् । थारू समुदायबाट प्रमिलाकुमारी गच्छदार र मुस्लिम समुदायबाट शाहजान खातुनलाई कांग्रेसले समानुपातिक सांसद बनाएको छ ।

नेकपा एमालेले समानुपातिकतर्फ पाएको १६ सिटमा विभिन्न क्लस्टरबाट सांसदको शनिबार नै चयन गरेको हो । जनजाति महिला क्लस्टरबाट भूमिका सुब्बा र गंगादेवी श्रेष्ठ चयन भएका छन् भने जनजाति पुरुषतर्फ रामबहादुर थापा मगर र कुलभक्त शाक्य परेका छन् । खसआर्य महिलातर्फ पद्मा अर्याल, टुकाभद्रा हमाल र यशुदाकुमारी बराल (पिछडिएको क्षेत्र) चयन भएका छन् भने पुरुषतर्फ गुरुप्रसाद बराल र पुष्पराज कँडेललाई चयन गरेको छ ।

थारू समुदायबाट कृपाराम राना, दलितबाट विष्णुमाया विके र नीता घतानी चयन भएका छन् । त्यस्तै मधेसी क्लस्टरबाट रिङ्ला यादव, यशोधाकुमारी यादव र चन्द्रेश्वर मण्डल तथा मुस्लिम समुदायबाट साजिदा सिद्दीकीको नाम एमालेले आयोगमा पठाएको हो । नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समानुपातिकतर्फ प्राप्त नौ सिटमा पाँच पुरुष र चार महिलाको नाम निर्वाचन आयोगमा सिफारिस गरेको छ । सूचीमा बलावती शर्मा, प्रमेश हमाल, प्रेमबहादुर बायक, भीमाकुमारी बूढा, पर्शुराम तामाङ, जोगकुमार बारबरिया यादव, गणेश विश्वकर्मा, पार्वती विश्वकर्मा र निराशा चौधरी डगौरा रहेका छन् ।

हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीले समानुपातिकतर्फ चार सांसदको नाम पठाएको छ । पार्टीले आदिवासी जनजाति क्लस्टरबाट सुनसरीका पूर्ण लिम्बू, मधेसी क्लस्टरबाट धनुषाकी रुवीकुमारी ठाकुर, खसआर्य क्लस्टरबाट सुनसरीकी अम्बिकादेवी संग्रौला र दलित क्लस्टरबाट सुर्खेतकी राधिका रम्तेल सार्कीलाई चयन गरेको छ । लिम्बू ब्रिटिस गोर्खाका पूर्वक्याप्टेन हुन् । ठाकुरलाई भने जेन-जी पुस्ताको प्रतिनिधित्व गराउने उद्देश्यले समावेश गरिएको पार्टीले जनाएको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले पनि समानुपातिकतर्फ खसआर्य महिला क्लस्टरबाट खुश्बु ओली, खसआर्य पुरुषबाट भरत गिरी, जनजातिबाट सरस्वती लामा र मुस्लिम समुदायबाट ताहिर अलीलाई समानुपातिक सांसदका रूपमा चयन गरेको छ । प्रत्यक्षतर्फ एक सिट जितेको राप्रपाले समानुपातिकतर्फ चार सिट प्राप्त गरेको थियो । निर्वाचन आयोगका अनुसार दलहरूले पठाएको सूची प्राप्त भएपछि समावेशी समूह र बन्दसूचीको क्रम मिलेको-नमिलेको दुई दिनभित्र जाँच गरिने छ । कुनै कैफियत देखिए सम्बन्धित दललाई सच्याउन निर्देशन दिइने छ ।

सबै प्रक्रिया पूरा भएपछि आयोगले समानुपातिक सांसदहरूको अन्तिम विवरण राष्ट्रपतिलाई बुझाउने छ । संविधानअनुसार राष्ट्रपतिले प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको ३० दिनभित्र संघीय संसद्को अधिवेशन आह्वान गर्ने व्यवस्था छ । संसद्को अधिवेशन आह्वान भएपछिमात्रै समानुपातिकतर्फ निर्वाचित सांसदहरूले पद तथा गोपनीयताको शपथ लिने छन् ।

### कुन दलबाट...

**मधेसी (६ महिला ३ पुरुष)**

पुनमकुमारी अग्रवाल
निशा मेहता
ललिता कुमारी
अंकिता ठाकुर
सरिता महतो
कामिनी कुमारी
पुरूषोत्तम सुप्रभात यादव
खगेन्द्र कर्ण

**दलितबाट (७ महिला १ पुरुष)**

रीमा विश्वकर्मा
अमृता विक
सीता बादी
स्मृति सेञ्चुरी
सुष्मा स्वर्णकार
तारा विश्वकर्मा
खिमा विक

**थारुबाट (२ महिला २ पुरुष)**

गीता चौधरी
करिस्मा कठरिया
सुरेन्द्र चौधरी
प्रेमलाल चौधरी

**मुस्लिम (३ महिला)**

समिना मिया
अफ्साना बानु
गलाजा शमीम मिकरानी

**नेपाली कांग्रेस (२० सिट)**

**खसआर्य**

सुशीला ढकाल
रूक्मिणीदेवी कोइराला
रीना उप्रेती
सीता थपलिया
गंगा शाही
अर्जुननरसिंह केसी

**आदिवासी जनजाति**

गीताकुमारी सेन्दाङ
गंगालक्ष्मी अवाल
गीता गुरूङ
रेनुका काउचा
सुनिताकुमारी सुवेदी
भीष्मराज आङ्देम्बे

**मधेसी**

निनुकुमारी कर्ण
रेखाकुमारी यादव
चन्द्रमोहन यादव

**दलित**

हरिनादेवी कामी
पवित्रा विक
मानबहादुर नेपाली

**थारू**

प्रमिलाकुमारी गच्छदार

**मुस्लिम**

शाहजान खातुन

**नेकपा एमाले (१६ सिट)**

**आदिवासी जनजाति**

भूमिका सुब्बा
गंगादेवी श्रेष्ठ
रामबहादुर थापा मगर
कुलभक्त शाक्य

**खसआर्य**

पद्मा अर्याल
टुकाभद्रा हमाल
यशुदाकुमारी बराल
गुरूप्रसाद बराल
पुष्पराज कँडेल

**थारु**

कृपाराम राना

**दलित**

विष्णुमाया विके
नीता घतानी

**मधेसी**

रिङ्ला यादव
यशोधाकुमारी यादव
चन्द्रेश्वर मण्डल

**मुस्लिम**

साजिदा सिद्दीकी

**नेपाली कम्युनिस्ट पार्टी (९ सिट)**

**खसआर्य**

बलावती शर्मा
प्रमेश हमाल
प्रेमबहादुर बायक

**आदिवासी जनजाति**

भीमाकुमारी बूढा
पर्शुराम तामाङ

**मधेसी**

जोगकुमार बारबरिया यादव

**दलित**

गणेश विश्वकर्मा
पार्वती विश्वकर्मा

**थारु**

निराशा चौधरी डगौरा

**श्रम संस्कृति पार्टी (४ सिट)**

**आदिवासी जनजाति**

पूर्ण लिम्बू

**मधेसी**

रूवीकुमारी ठाकुर

**खसआर्य**

अम्बिकादेवी संग्रौला

**दलित**

राधिका रम्तेल (सार्की)

**राष्ट्रिय प्रजातन्त्र पार्टी (४ सिट)**

**खसआर्य**

खुश्बु ओली
भरत गिरी

आदिवासी जनजाति

सरस्वती लामा

**मुस्लिम**

ताहिर अली


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदावी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७४/०६/०६ मा दर्ता भएको प्रा.लि नं. १७५८१६ को **रेड इङ्क मिडिया प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मितिः २०६५/१०/०९ मा दर्ता भएको प्रा.लि.नं. ५९८०४ को **ओम हिमालयन आलमुनियम स्ट्रक्चर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/११/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०२ गते**

यस कम्पनीको मिति २०८२/११/२६ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लोयोला सेकेण्डरी स्कूल प्रा.लि.**को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/११/२८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **युनिग्लोब प्रिमियर स्कुल काठमाडौं प्रा.लि. (प्रा.लि.नं. १०४५०२)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**कर्मचारी नरहेको सम्बन्धी सूचना**

यस **All Asia Overseas Pvt. Ltd.** (ई.प.नं. १३०५/०७४/०७५) मा कार्यरत **पबिना थापा** (ना.प्र.प्र.नं.२८-०१-०६७-०६०५७) आजको मितिबाट यस प्रा.लि. मा नरहेको हुनाले निज पबिना थापाबाट यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम इजाजत नं. १३०५/०७४/०७५


## आजको राशिफल



**ज्यो. गुरू अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०२ चैत, २०८२**

| | |
|---|---|
| मेष | रोकिएका काम बन्ने छन् । भगवान सूर्यदेवलाई जल अर्पण गरि दिनको सुरुवात गरेमा शुभ फल मिल्नेछ । |
| वृष | खर्छ बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ । |
| मिथुन | आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ । |
| कर्कट | सामाजिक प्रतिष्ठा बढ्नेछ। सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जानेछन् । |
| सिंह | भाग्यले साथ दिनेछ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जानेछ। |
| कन्या | वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ । |
| तुला | दाम्पत्य जीवन सुखद रहनेछ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुनेछ । |
| वृश्चिक | शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुनेछ । |
| धनु | बौद्धिक क्षमतामा वृद्धि हुनेछ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्नेछ । |
| मकर | आमाको स्वास्थ्यमा ध्यान पुर्याउनु होला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जानेछन् । |
| कुम्भ | पराक्रम बढेर जानेछ । चराचुरुङ्गीलाई चारो हाल्नाले विघ्न हटेर जानेछ । |
| मीन | धन संचित हुनेछ । कुलदेवताको स्मरण गरि अघि बढेमा कार्य सम्पन्न हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ चैत, २०८२ (१६ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.६४ | १४८.२४ |
| युरो | १ को | १६९.२८ | १६९.९७ |
| पाउन्ड स्टिर्लङ | १ को | १९५.७५ | १९६.५४ |
| स्विस फ्रैन्क | १ को | १८७.४८ | १८८.२४ |
| अस्ट्रेलियन डलर | १ को | १०३.९८ | १०४.४० |
| क्यानाडियन डलर | १ को | १०७.९९ | १०८.४३ |
| सिङगापुर डलर | १ को | ११५.३३ | ११५.८० |
| जापानी येन | १० को | ९.२६ | ९.३० |
| चिनियाँ युआन | १ को | २१.४१ | २१.५० |
| साउदी अरब रियाल | १ को | ३९.३५ | ३९.५१ |
| कतारी रियाल | १ को | ४०.५० | ४०.६६ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.१९ | ४०.३६ |
| मलेसियन रिङेट | १ को | ३७.४९ | ३७.६४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८७ | ९.९१ |
| स्विडिस क्रोनर | १ को | १५.७२ | १५.७८ |
| डेनिस क्रोनर | १ को | २२.६५ | २२.७५ |
| हङकङ डलर | १ को | १८.८६ | १८.९४ |
| कुवेती दिनार | १ को | ४८१.७० | ४८३.६५ |
| बहराइन दिनार | १ को | ३९१.०५ | ३९२.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## अपूरो संसद् भवन








प्रतिनिधिसभा निर्वाचनबाट सांसदहरु निर्वाचित भइसके पनि संघीय संसद् भवन अझै तयार भएको छैन । यसअघि संसद् भवन रहेको नयाँ बानेश्वरस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र गत भदौमा भएको जेन-जी विद्रोहको क्रममा जलाइएपछि त्यहाँ बैठक बस्नसक्ने अवस्था छैन । त्यसैले नवनिर्वाचित संसद्को बैठक नयाँ संसद् भवनमै बस्ने तयारी छ । सिंहदरबार परिसरभित्र निर्माण हुँदै गरेको संघीय संसद् भवन सम्पन्न हुन भने अझै धेरै काम बाँकी रहेको देखिन्छ । यतिबेला सो भवनमा आगामी संसद्को अधिवेशन सञ्चालन गर्न तयार गर्नेगरी तीव्रगतिमा काम बढाइएको छ । ठेकेदारले समयमा काम नसक्दा यो भवन निर्माणको म्याद पटक-पटक थपिएको थियो ।

*तस्बिरः रत्न श्रेष्ठ/रासस*

## साहको रिटमा सर्वोच्चले दिएन अन्तरिम आदेश

**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले धनुषा प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं १ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार किशोरी साहको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयविरुद्धको रिटमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ ।

न्यायाधीशद्वय विनोद शर्मा र मेघराज पोखरेलको संयुक्त इजलासले आइतबार आयोगको उम्मेदवार खारेज गर्ने निर्णयविरुद्ध अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । साहले आयोगको उम्मेदवारी खारेज गर्ने निर्णयविरुद्ध उम्मेदवारी कायम गर्न माग गर्दै रिट निवेदन दायर गरेका थिए । अदालतको आदेशसँगै अब निर्वाचन आयोगको निर्णय सदर भएको छ ।

कालोसूचीमा नाम रहेको भन्दै आयोगले साहको उम्मेदवारी खारेज गरेको थियो । उम्मेदवारी खारेज भए पनि घण्टी चुनाव चिह्नमा सर्वाधिक मत खसेको थियो । तर, आयोगले दोस्रो धेरै मत ल्याउने नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार मातृकाप्रसाद यादवलाई विजयी घोषणा गर्दै प्रमाणपत्र दिइसकेको छ । सर्वोच्चको आदेशसँगै यादवको सांसद पद कायम रहने भएको छ ।

## एघार महिनामा छ हजार विपद्का घटना

**काठमाडौं (प्रस)–** गत वैशाखदेखि फागुन मसान्तसम्म देशभर कूल छ हजार ७९९ वटा विपद्का घटना भएका छन् । राष्ट्रिय जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार ११ महिनामा विपद्मा परेर ४६४ जनाको ज्यान गएको छ । विपद्का कारण ३८ जना बेपत्ता हुँदा एक हजार ८१४ घाइते भएका छन् ।

विपद्का कारण १२ हजार ४५८ घरपरिवार प्रभावित भएको प्राधिकरणले उपलब्ध गराएको विवरणमा उल्लेख छ । प्राधिकरणको विवरणअनुसार सो अवधिमा सबैभन्दा बढी आगलागीका घटना भएका छन् । तीन हजार ३३९ आगलागीका घटना हुँदा ९८ जनाको ज्यान गएको छ ।

सो अवधिमा बाढीका ३१८, पहिरो ५९०, भारी वर्षा ४२९, चटचाङ ३६७, सर्पदंश ५९२, डढेलो २४६ वटा घटना भएका छन् । त्यस्तै, हावाहुरीका २९२, जनावर आक्रमण ४८८, लेक लागेका ११९ घटना भए । हिमपहिरोका पाँच, भूकम्प सात, डुंगा पल्टेर दुईवटा घटना घटेका छन् । त्यसैगरी, फागुन २९ गते बिहानदेखि ३० गते बिहानसम्म कूल २९ विपद्का घटना भएका प्राधिकरणले जनाएको छ ।

# सहसचिव अधिकारीविरुद्ध अख्तियारले चलायो मुद्दा


### राजस्व चुहावटसम्बन्धी अनुसन्धानबाट बचाउन ७० लाख घुस लिएको आरोप

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल सरकारका सहसचिव झलकराम अधिकारीविरुद्ध घुस लिई सम्पत्ति शुद्धीकरण गरेको आरोपमा विशेष अदालतमा आरोपपत्र दायर गरेको छ । अधिकारीले राजस्व अनुसन्धान विभागको महानिर्देशक हुँदा राजस्व चुहावटसम्बन्धी अनुसन्धानबाट बचाउन घुस लिएको आयोगको दाबी छ ।

आयोगले आइतबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार विभागमा राजस्व चुहावटसम्बन्धी छानबिनमा संलग्न रहँदा अधिकारीले एक व्यवसायीबाट ठूलो रकम घुस लिएको र उक्त रकम विभिन्न माध्यम प्रयोग गरी शुद्धीकरण गरेको निष्कर्षसहित मुद्दा दायर गरिएको हो ।

अधिकारीले राजस्व अनुसन्धान विभागमा दर्ता रहेको राजस्व चुहावटसम्बन्धी छानबिन तथा अन्य सम्भावित कसुरबाट



बचाउन सहजीकरण गरिदिने नाममा एचके इन्टरप्राइजेज प्रालिका सञ्चालक श्रीकृष्ण श्रेष्ठ बिज्यूबाट घुस लिएको अनुसन्धानबाट खुलेको आयोगले जनाएको छ । अधिकारीले ७० लाख रूपैयाँ घुस/रिसवत लिएको आयोगको ठहर छ ।

अनुसन्धानका क्रममा अधिकारीले प्राप्त घुस रकम प्रत्यक्षरूपमा प्रयोग नगरी विभिन्न व्यक्तिसँगको मिलेमतोमा बैंक खातामार्फत घुमाएर प्रयोग गरेको पाइएको आयोगले जनाएको छ । निजले विकास चापागाईं, देवेन्द्र केसी र रवीन्द्र लामिछानेलगायतसँगको सल्लाह तथा मिलेमतोमा रकम विभिन्न बैंक खातामा जम्मा गराई त्यसलाई तहीकरण गर्दै घुसको स्वरूप परिवर्तन गर्ने प्रयास गरेका आयोगले उल्लेख गरेको छ । उक्त रकम ग्लोबल आइएमई बैंक, लुम्बिनी विकास बैंक र लक्ष्मी सन्राइज बैंकलगायतका बैंक तथा वित्तीय संस्थामा रहेको खातामार्फत जम्मा गराई चरणबद्ध रूपमा कारोबार गरिएको जनाइएको छ । यसरी विभिन्न खातामार्फत रकम घुमाएर स्रोत लुकाउने तथा घुस रकमलाई वैध देखाउने प्रयास गरिएको आयोगको दाबी छ ।

अनुसन्धानबाट उक्त रकमको केही भाग मध्यपुर थिमी नगरपालिकास्थित दिव्यश्वरी आयोजना क्षेत्रभित्र रहेको जग्गा खरिदमा प्रयोग गरिएको पनि खुलेको छ । भक्तपुर जिल्लाको साबिक वडा नं १७ (हाल वडा नं २) मा पर्ने कित्ता नं ९९८ को करिब १६४ वर्गमिटर क्षेत्रफल भएको जग्गा खरिदका लागि उक्त रकम प्रयोग गरिएको तथ्य पुष्टि भएको आयोगले जनाएको छ ।

यस्तै, अनुसन्धानका क्रममा घुस रकमको केही अंश देवेन्द्र केसीसमेत सञ्चालक रहेको पर्यटन व्यवसायसँग सम्बन्धित संस्थाको कर्जा भुक्तानीमासमेत प्रयोग भएको पाइएको छ । आयोगका अनुसार 'द कुटी रिसोर्ट' नामक परियोजनासँग सम्बन्धित कर्जा तिर्न घुसबाट प्राप्त रकम प्रयोग गरिएको प्रमाण भेटिएको हो ।

आयोगले यो प्रकरणमा संलग्न व्यक्तिहरूबीच आपसी सल्लाह र मिलेमतोमा घुस रकमलाई विभिन्न बैंक खातामा जम्मा गरी त्यसलाई क्रमशः अन्य आर्थिक कारोबारमार्फत वैध देखाउने प्रयास गरिएको निष्कर्ष निकालेको छ । यस्तो कार्यले भ्रष्टाचारसँगै सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरसमेत आकर्षित हुने देखिएको आयोगले जनाएको छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# गृहमन्त्रीलाई उपहार र स्वकीयलाई जागिर

प्रधानन्यायाधीश हुँदा सुशीला कार्कीले निष्कलंक व्यक्तिको छवि बनाएकी थिइन् । त्यही कारण जेन–जी विद्रोहपछि बनेको अन्तरिम सरकारको नेतृत्वमा सबैको रोजाइ बनिन् कार्की । प्रधानमन्त्री बनेसँगै उनको काँधमा प्रतिनिधिसभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गर्नु थियो । कार्कीले आफ्नो नेतृत्वमा यो काम दत्तचित्त भएर फत्ते गरिन् । वाहवाही कमाइन् ।

तर सरकारबाट जाँदै गर्दा भने आफ्नालाई लाभको पद दिलाउनेमा अरुभन्दा कम छैन भन्ने उदाहरण प्रस्तुत गरेकी छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले बहुमत पाएसँगै नयाँ सरकार बन्ने चरण सुरु भएको छ । यो बेला कार्की नेतृत्वको सरकारले 'ग्रेस एक्जिट' लिनुपर्ने हो । तर आइतबार मन्त्रिपरिषद् बैठक राखेर कार्की नेतृत्वको सरकारले आफ्नै गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्य बनाउने निर्णय गर्‍यो । रमाइलो कुरा के थियो भने यो निर्णय गृहमन्त्री अर्याल आफैंले सार्वजनिक गरेका थिए । आफैंले यो निर्णय सुनाउँदा सत्तामा बस्नेहरू पुरानो होस् या नयाँ आफ्नो शक्ति कतिसम्म दुरूपयोग गर्छन् भन्ने प्रस्ट भएको छ ।

'नेपोटिजम' अर्थात् नातावादको चर्को विरोध नेपाली राजनीतिदेखि विभिन्न पेसा व्यवसायमा हुने गर्छ । जेन–जी विद्रोह पनि 'नेपोकिड' ट्रेण्ड चलाएरै भएको थियो । यो विद्रोहका क्रममा कैयन् युवाहरू घाइते भएका छन् । तर ती सबै बिर्सिएर प्रधानमन्त्री कार्कीले आगामी पाँच वर्षका लागि राष्ट्रिय सभामा आफ्नो सरकारमा गृहमन्त्री बनेका अर्यालको जागिर पक्का गरिदिएकी छन् ।

यतिमात्र हैन प्रधानमन्त्री कार्कीले आफ्नै स्वकीय सचिव आदर्श श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा मनोनीत गरेकी छन् । आदर्श यस्तो पात्र हुन् जो प्रधानमन्त्री कार्यालयमा हुँदा आफ्नै श्रीमतीलाई पनि सचिवालयमा जागिर खुवाउन सफल भए । व्यवसायीदेखि राजनीतिक दलका नेतासँग 'सेटिङ'को खुबी बोकेकै कारण आदर्शलाई प्रधानमन्त्री कार्कीले जोगाएको बताइन्छ । यस्तो आरोप लागेको व्यक्तिलाई कार्कीले संरक्षण गर्दै पाँच वर्षको जागिर पक्का गराएकी छन् ।

चर्को अविश्वासकाबीच निर्वाचन गराउन सफल भए पनि हात्ती छिर्‍यो, पुच्छर अड्कियो भनेझैं जिम्मेवारीबाट बहिर्गमन हुने बेला प्रधानमन्त्री कार्की पनि भागबण्डा नगर्ने र आफूनिकटलाई पदमा नियुक्त नगर्ने अभ्यासबाट भने विमुख हुन सकिनन् । जेन–जीदेखि नागरिकको मनमा सुशासनको आइकन बनेकी सुशीलाले पनि जाँदाजाँदै कुशासनलाई निरन्तरता दिएकी छन् । नयाँ सरकारलाई सुशासनको उदाहरण दिने हो भने कार्की नेतृत्वको सरकारले आइतबार गरेका दुई निर्णय तुरुन्त फिर्ता गर्नुपर्छ । नभए 'जुन जोगी आए नि कानै चिरेका' उखान पुन चरितार्थ हुने छ ।

## श्रम सरोकार

# विदेशमा रहँदा भुल्नै नहुने पाँच कुरा

### १) कसैको प्रलोभनमा नफसौं

धेरै तलब दिने वा अन्य राम्रो काम सुविधा दिने प्रलोभनमा दलालहरूले गन्तव्य मुलुकका कम्पनी वा वासस्थानमासमेत पुगेर फकाउन सक्छन् । आधिकारिक भिसा रहेको ठाउँभन्दा अन्यत्र काम गर्नु गैरकानुनी हो । कानुनी हैसियत गुमाएपछि सधैंभरि खतरामा काम गर्नुपर्छ र दलालले गैरकानुनी काममा लगाएर फसाउन पनि सक्छ । फर्किनुअघि जेल, नेल जरिवानासहित देश निकालाको अपमान साथै कुटाइ खानुपर्छ ।

### २) धार्मिक तथा स्थानीय कानुनको पालना गरौं

सम्बन्धित देशमा पुगेर कुनै गल्ती गरेर कानुन थाहा थिएन भनेर उम्किन पाइन्न । स्थानीय धार्मिक, सामाजिक तथा राष्ट्रियताका विषयमा सधैं जानकार र सकारात्मक हुनुपर्छ ।

### ३) आफ्नो सुरक्षामा ध्यान दिऔं

आफ्नो स्वास्थ्य र सुरक्षाको ख्याल आफैंले राख्नुपर्छ । काम गर्दाको बखत, बाटो हिँड्दा, पौडी वा अन्य यस्तै कामको जोखिमबारे सधैं सचेत रहनुपर्छ । कतिपय मुलुकहरूमा जेब्रा क्रसिङभन्दा अन्यत्रबाट बाटो काट्दा पैदलयात्रीले समेत जरिवाना तिर्नुपर्ने हुसक्छ । याद गरौं- कारखानामा काम गर्दा त्यहाँ प्रयोग हुने मेसिनको सोच्ने शक्ति हुँदैन, तपाईंको आफ्नै दिमागले सोचेर होसियारी अपनाउनुपर्छ ।

### ४) काममा लगनशील बनौं

आफ्नो सुपरभाइजरका कुरालाई अवलम्बन गर्नैपर्छ । उसको कुरालाई बेवास्ता गरेमा माथिल्लो निकायमा सामान्यतया: कुनै सुनुवाइ गर्दैन । अति नै भएमा मात्र दूतावास, वैदेशिक रोजगार विभाग वा अन्य सहयोगी संस्थाबाट सहयोग लिने बानी गर्नुपर्छ । याद गरौं- रोजगारदाताले तपाईंलाई श्रमको मूल्य तिरेको हुन्छ ।

### ५) आवश्यक सम्पर्क नम्बर सुरक्षित राखौं

दूतावास, त्यहाँस्थित विभिन्न सामाजिक संस्था, नेपालस्थित रोजगार तथा सरकारी निकाय र आफू गएको वैदेशिक रोजगार संस्था तथा सहयोगी संस्थाका सम्पर्क टेलिफोन तथा ठेगाना सधैंभरि साथमा राख्नुपर्छ । स्थानीय कानुन तथा अन्य विषयमा जानकार व्यक्तिहरूसँग निकट रहनुपर्छ । यसो गर्दा आकस्मिकरूपमा आउने समस्याहरू समाधानमा सहजता हुने छ ।

# मध्यपूर्वको रणमैदान र महाशक्तिको नैतिक दायित्व



❑ पुष्पराज गिरी

"
वर्तमान विश्व राजनीतिमा देखिएका जटिलताहरूलाई चिर्दै कूटनीतिलाई पुनर्जीवित गर्नु अबको मुख्य आवश्यकता हो । अमेरिकाले आफ्नो 'सुपरपावर' को विरासत कायम राख्न अबको बाटो चुनौतीपूर्ण भए पनि असम्भव भने छैन । यसका लागि अमेरिकाले सर्वप्रथम विश्वका विभिन्न क्षेत्रमा जारी सैन्य द्वन्द्वहरूलाई रोक्न निर्णायक भूमिका खेल्दै तत्काल युद्धविरामका लागि सम्बन्धित पक्षहरूलाई उचित दबाब र प्रोत्साहन दिनु आवश्यक देखिन्छ । शान्ति स्थापनाको प्रक्रियामा एक्लै अघि बढ्नुभन्दा चीन, युरोपेली संघ र अन्य क्षेत्रीय शक्तिहरूलाई समेटेर एउटा साझा र मजबुत बहुपक्षीय सुरक्षा संरचना निर्माण गर्नु बुद्धिमानी हुने छ ।

अमेरिका-इजरायल र इरानबीचको बढ्दो सैन्य मुठभेड र त्यसमा विश्वको महाशक्ति राष्ट्र संयुक्त राज्य अमेरिकाको प्रत्यक्ष संलग्नताले विश्वलाई एउटा यस्तो बिन्दुमा पुर्‍याएको छ, जहाँबाट फर्कने बाटो दिनानुदिन कठिन बन्दै गएको छ । आधुनिक इतिहासको एक अत्यन्तै संवेदनशील र खतरनाक मोडमा उभिएर हेर्दा, आज मध्यपूर्वको आकाश बारुदको धुवाँ र मिसाइलको गर्जनले ढाकिएको छ । वासिङ्टनका कतिपय नीतिगत निर्णयहरूले क्षेत्रीय डढेलोलाई निभाउनुको साटो झन् प्रज्वलित गरिरहेको भान हुन्छ ।

जब विश्वको एकमात्र 'सुपर पावर' कूटनीतिभन्दा बढी युद्धको भाषा बोल्न थाल्छ, तब मानवताका मूल्य र विश्व शान्तिका आधारस्तम्भहरू हलिल्नु स्वाभाविक नै हो । इतिहास साक्षी छ, युद्ध कहिल्यै पनि दीर्घकालीन समाधान हुनै सक्दैन । यो त केवल समस्याहरूको नयाँ र भयावह संस्करणमात्र बन्दै जान्छ । २० औं शताब्दीका दुई विश्वयुद्धदेखि भियतनामको दलदल, र २१औं शताब्दीको सुरुआतमै लादिएको इराक र अफगानिस्तानको युद्धले अमेरिका र विश्वलाई के दियो ? खर्बौं डलरको बर्बादी र लाखौं निर्दोष मानिसहरूले ज्यान गुमाउन बाध्य हुनुपर्‍यो र दशकौंसम्म नमेटिने घृणाको वीजारोपण भयो ।

इरानमाथिको भयानक युद्ध र आक्रमणका कारण मध्यपूर्वमा फैलिएको यो हिंसात्मक लहरले केवल सैन्य अखडाहरू मात्र ध्वस्त पार्ने छैनन्, बरु यसले दशौं लाख मानिसको भविष्यलाई अन्धकारमा धकेलिदिने छ । युद्धको त्रासले गर्दा आज हजारौं परिवार विस्थापित भएका छन् । साना बालबालिकाहरूको शिक्षा खोसिएको छ र अस्पतालहरू घाइतेहरूको चित्कारले भरिएका छन् । जब मानवअधिकारका ठूला कुरा गर्ने लोकतान्त्रिक राष्ट्रहरू नै बम र मिसाइलको सहारा लिन पुग्छन्, तब अन्तर्राष्ट्रिय कानुन, नैतिकताको धज्जी उड्छ ।

## अमेरिका: महाशक्ति कि शान्तिदूत ?

संयुक्त राज्य अमेरिकाको विश्वमञ्चमा एउटा विशिष्ट र अपरिहार्य स्थान छ । आर्थिक, सैन्य र राजनीतिकरूपमा सबल हुनुको अर्थ केवल अरूमाथि प्रभुत्व जमाउनु वा हतियारको प्रदर्शन गर्नुमात्र होइन, बरु विश्वमा न्याय, सन्तुलन र शान्ति कायम गर्ने गहन जिम्मेवारी वहन गर्नु पनि हो । तर, हालको समयमा ह्वाइट हाउसले लिएको आक्रामक रणनीतिले अमेरिकालाई शान्तिदूतभन्दा पनि युद्धको पक्षधरका रूपमा चित्रण गर्न थालिएको छ । अमेरिकी राष्ट्रपति र प्रशासनले यो गम्भीर सत्य बुझ्न जरुरी छ कि युद्धको बाटोले केवल विनाश निम्त्याउँछ । एक महाशक्ति राष्ट्रलाई युद्ध र आक्रोश कदापि सुहाउँदैन । उसको उचाइ तब देखिन्छ जब उसले दुई दुश्मन राष्ट्रलाई वार्ताको टेबुलमा ल्याएर युद्ध रोक्न सक्छ । इरान र इजरायलको द्वन्द्वमा तेल थप्नुभन्दा, त्यसलाई शीतलता प्रदान गर्नु नै वासिङ्टनको वास्तविक सामर्थ्यको परिचय हुने छ ।

विगतका केही वर्षहरूमा भएका कूटनीतिक असफलताहरूले आजको यो भयावह स्थिति सिर्जना गरेको हो । सन् २०१५ को इरान परमाणु सम्झौताबाट अमेरिका पछि हट्नु एक ऐतिहासिक रणनीतिक भूल थियो । त्यसले विश्वासको वातावरणलाई भत्काइदियो र दुवै पक्षलाई पुनः सैन्यीकरणको बाटोमा डोर्‍यायो । आज जब इजरायल र इरान आमनेसामने छन्, अमेरिकाले केवल एउटा पक्षको रक्षा गर्नेमात्र होइन, बरु सम्पूर्ण क्षेत्रको सुरक्षाको बारेमा सोच्नुपर्छ । युद्धमा संलग्न हुनु भनेको हिंसाको अन्त्यहीन यात्रामा अग्रसर हुनु हो, जसको भयानक र दीर्घकालीन परिणामलाई कसैले नियन्त्रण गर्न सक्ने छैन । मध्यपूर्वमा शान्ति स्थापना गर्न इरानको वैध सुरक्षा चासोहरूलाई सम्बोधन गर्नु र इजरायलको अस्तित्वको सुरक्षा सुनिश्चित गर्नु दुवै कूटनीतिको हिस्सा हुनुपर्छ ।

## इन्धनको संकट र आर्थिक प्रभाव

मध्यपूर्वमा हुने सानो हलचलले पनि विश्वको भान्सा र बजारलाई प्रत्यक्ष असर गर्छ । यदि यो द्वन्द्व पूर्णकालीन युद्धमा परिणत भयो भने, विश्वले यस्तो आर्थिक मन्दीको सामना गर्नुपर्ने छ, जसको कल्पना पनि गर्न सकिँदैन । इन्धनको संकट हर्मुज जलसन्धि, जहाँबाट विश्वव्यापी खपत हुने तेलको झण्डै २० प्रतिशत आपूर्ति हुँदै आएको छ । यस्तो अति संवेदनशील क्षेत्र युद्धको चपेटामा पर्‍यो भने तेलको मूल्य प्रतिब्यारेल २०० डलर पुग्न सक्छ । यसले गर्दा गरिब र विकासोन्मुख राष्ट्रहरूमा भोकमरी र नागरिक विद्रोह निम्त्याउन सक्छ । यसको प्रारम्भिक असर थुप्रै देशहरूमा देखिन थालिसकेको छ । ढुवानी भाडा बढ्दा खाद्यान्न र औषधिको मूल्य आकासिन सक्छ, जसले गर्दा विश्वको आधा जनसंख्यालाई जीवन निर्वाह गर्न कठिन हुने छ । अमेरिका र अन्य शक्ति राष्ट्रहरूले शिक्षा र स्वास्थ्यमा खर्च गर्नुपर्ने बजेट बम र मिसाइलमा खर्च गरिरहेका छन् । यो मानवताविरुद्धको आर्थिक अपराध हो ।

## मानवअधिकार र अन्तर्राष्ट्रिय कानुनको उपहास

युद्धमा हरेक पटक मिसाइल प्रहार हुँदा केवल कंक्रिटका पर्खालहरू मात्र ढल्दैनन्, बरु जेनेभा कन्भेन्सन र संयुक्त राष्ट्रसंघको बडापत्रका अक्षरहरू पनि रगतले लतपत्तिन्छन् । जब अस्पताल र विद्यालयहरू निशानामा परेर ध्वस्त पारिन्छन्, तब हामी कुन सभ्यताको कुरा गर्दैछौं ? अमेरिकाजस्तो देशले आफूलाई अन्तर्राष्ट्रिय नियममा आधारित व्यवस्थाको संरक्षक मान्छ । तर, जब आफ्नै रणनीतिले हजारौं निर्दोषको ज्यान जान्छ, तब ती नियमहरू केवल कमजोर राष्ट्रहरूलाई तह लगाउने हतियारमात्र सावित भएका देखिन्छन् । इरानका सामान्य नागरिक, जो महँगी र दमनको चपेटामा छन्, उनीहरूका लागि युद्ध अर्को एउटा कालको रूपमा आएको छ । हामीले हाम्रा सन्तानलाई कस्तो संसार छोडेर जाने ? बारुदको गन्ध आएको र रगतले लतपत्तिएको धर्ती कि हरियाली र शान्ति छाएको संसार ? युद्धको उन्मादमा लाग्ने नेताहरूले ती अबोध बालबालिकाहरूको अनुहार हेर्नुपर्छ जो कुनै पनि दोषविना यो हिंसाको सिकार भइरहेका छन् । शान्ति केवल युद्धको अनुपस्थिति होइन, यो न्याय र सहअस्तित्वको उपस्थिति हो । जबसम्म विश्वमा एउटा राष्ट्रले अर्को राष्ट्रलाई पूर्णतः समाप्त पार्ने सोच राख्छ, तबसम्म शान्ति दिगो हुँदैन । तर अन्याय सच्याउने नाममा अर्को ठूलो अन्याय गर्नु आत्मघाती कदममात्र हो ।

## कूटनीतिको पुनरूत्थान र अमेरिकाको आगामी भूमिका

वर्तमान विश्व राजनीतिमा देखिएका जटिलताहरूलाई चिर्दै कूटनीतिलाई पुनर्जीवित गर्नु अबको मुख्य आवश्यकता हो । अमेरिकाले आफ्नो 'सुपरपावर' को विरासत कायम राख्न अबको बाटो चुनौतीपूर्ण भए पनि असम्भव भने छैन । यसका लागि अमेरिकाले सर्वप्रथम विश्वका विभिन्न क्षेत्रमा जारी सैन्य द्वन्द्वहरूलाई रोक्न निर्णायक भूमिका खेल्दै तत्काल युद्धविरामका लागि सम्बन्धित पक्षहरूलाई उचित दबाब र प्रोत्साहन दिनु आवश्यक देखिन्छ । शान्ति स्थापनाको प्रक्रियामा एक्लै अघि बढ्नुभन्दा चीन, युरोपेली संघ र अन्य क्षेत्रीय शक्तिहरूलाई समेटेर एउटा साझा र मजबुत बहुपक्षीय सुरक्षा संरचना निर्माण गर्नु बुद्धिमानी हुने छ । यसले अन्तर्राष्ट्रिय सम्बन्धमा विश्वासको वातावरण सिर्जना गर्ने छ ।

यसका साथै, युद्धले थलिएका क्षेत्रहरूमा मानवीय संवेदनालाई केन्द्रमा राख्दै तत्काल औषधि र खाद्यान्नजस्ता मानवीय सहायता पुर्‍याउनु अमेरिकाको नैतिक जिम्मेवारी पनि हो । विश्वलाई परमाणु शस्त्रको डरबाट मुक्त राख्न इरानसँगको वार्तालाई पुनःजीवित तुल्याउनु र क्षेत्रीयस्तरमा बढ्दो हतियारको दौडलाई नियन्त्रण गर्नु अनिवार्य छ । यसरी सैन्य शक्तिको सट्टा कूटनीतिक कौशल र सहकार्यको मार्ग अपनाउँदामात्र अमेरिकाले आफ्नो विश्वव्यापी नेतृत्वलाई पुनः पुष्टि गर्न सक्ने छ ।

## निष्कर्ष: मानवताको सामूहिक आह्वान

युद्धले कसैको पनि भलो गर्दैन । यसले केवल विजेताको दम्भ र पराजितको चित्कारमात्र छोडेर जान्छ । आजको आवश्यकता एउटा यस्तो विश्वको हो जहाँ कुनै पनि बालबालिकाले आकाशबाट खस्ने बमको डरले आँखा चिम्लनु नपरोस् । जहाँ मानवअधिकार केवल ठूला सेमिनारका विषय नभई हरेक व्यक्तिको नैसर्गिक अधिकार बनोस् ।

संयुक्त राज्य अमेरिकाले आफ्नो नीतिमा आमूल परिवर्तन गर्दै युद्ध होइन, केवल शान्तिको नारालाई व्यवहारमा उतार्नुपर्छ । मध्यपूर्वको यो आगोलाई थप दन्काउनुभन्दा पनि यसलाई निभाउन कूटनीतिको उच्चतम कौशल प्रदर्शन गर्नु नै अमेरिकी महानताको कसी हुने छ । विश्व शान्ति केवल एउटा सुन्दर सपनामात्र होइन, यो मानव सभ्यताको अस्तित्व रक्षाको अन्तिम र अनिवार्य सर्त हो । समय अझै हातबाट फुत्किसकेको छैन । बन्दुकका नालहरू तल झारौं, मिसाइलका स्विचहरू बन्द गरौं र संवादका हातहरू अगाडि बढाऔं । विश्वले युद्ध होइन, केवल शान्ति र मानवताको पक्षमा उभिएको महाशक्ति र शान्त मध्यपूर्व हेर्न चाहेको छ ।

## पाठक मञ्च

# सम्पत्ति विवरण लुकाउने प्रधानमन्त्री !

कानुनअनुसार प्रधानमन्त्री र मन्त्रीहरूले राष्ट्रपतिसमक्ष शपथ खाएको ३५ दिनभित्र आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्छ । पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले प्रधानमन्त्रीको कुर्सी सम्हालेको छ महिना पूरा भएको छ । तर, उनले हालसम्म सम्पत्ति विवरण सार्वजनिक गरेकी छैनन् । उनी नेतृत्वको क्याबिनेटका एउटै मन्त्रीको सम्पत्ति विवरण सार्वजनिक गरिएको छैन ।

सम्पत्ति विवरण सार्वजनिक नगरिँदै चार जना मन्त्री राजीनामा दिएर चुनावमा होमिए, जसमध्ये तीन जनाले जितेका पनि छन् । यद्यपि, उनीहरूको मन्त्री बन्नुअघि कति सम्पत्ति थियो र बनेपछि कति पुग्यो ? जनता अञ्जान छन् । प्रधानमन्त्री कार्की सेवा निवृत्त कर्मचारी हुन् । उनले पेन्सनसँगै प्रधानमन्त्रीको तलबभत्ता, सेवासुविधा पनि बुझिरहेकी छन् । उनको काठमाडौंको टोखामा घर छ ।

तीन-चार आना सरकारी जग्गा कब्जा गरेर प्रधानमन्त्री कार्कीले घर बनाएको आरोप छ । यिनी न्यायाधीश वा प्रधानन्यायाधीश हुँदा धेरै सरकारी, गुठी, ऐलानी, हदबन्दी बढी, वनजंगल, राजपरिवारलगायतको जग्गा व्यक्तिलाई दिने फैसला सुनाएकी थिइन् । कहिले कांग्रेस त कहिले एमाले हुँदै उनी पदमा पुगेकी हुन् । प्रधानन्यायाधीश हुँदा भ्रष्टाचार गरेको भन्दै सदनमा उनीमाथि महाअभियोगको प्रस्तावसमेत आएको थियो ।

सेवा निवृत्त भएपछि कार्कीले नागरिक अभियान थालिन् । अभियानको नाममा कांग्रेस, एमालेलाई गालीगलौज गर्ने, भ्रष्टाचार र सुशासनका ठूल्ठूला कुरा गर्ने र जनता उचाल्ने काम उनी गर्थिन् । कार्की एनजिओहरूमा आबद्ध रहेको पनि आरोप छ । यसैक्रममा भदौ २० गते तत्कालीन कांग्रेस र एमाले गठबन्धनमा बनेको केपी शर्मा ओली नेतृत्वको क्याबिनेटले २६ वटा सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गर्‍यो ।

फेसबुक, युटचुबसहितका सञ्जाल बन्द गरिएको थियो । यी सञ्जाल बन्द गर्नुको एउटै कारण थियो- हाम्रो संविधान, ऐन, कानुन मानेर करको दायरामा आउनु । बन्द गरिएका धेरैजसो सञ्जाल अमेरिकी प्लेटफर्म हुन् । सञ्जाल बन्दविरुद्ध भदौ २२ गते जेन-जी पुस्ताले आन्दोलन घोषणा गरे । त्यसमा काठमाडौं महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र (बालेन) शाह र नख्खु जेलमा रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले समर्थन जनाए ।

बालेनले २८ वर्ष मुनिका सबैलाई आन्दोलनमा आउन आह्वान गरे त रविले विज्ञप्ति नै निकालेर समर्थन जनाएका थिए । भदौ २३ गते बिहानै माइतीघर मण्डलमा जेन-जीहरू भेला भए । उनीहरूले शान्तिपूर्ण आन्दोलन गर्छौं भनेका थिए तर पछि संघीय संसद् भवन तोडफोड गर्न थालियो । सो दिन संसद् चलिरहेको थियो । कानुनमा स्पष्ट भनिएको छ- आन्दोलनको नाममा सार्वजनिक वा निजी सम्पत्तिमा क्षति पुर्‍याउन खोजिएमा प्रहरीले घुँडामुनि गोली चलाउन सक्छ ।

यही कानुनी अधिकारको प्रयोग गर्दै प्रहरीले जेन-जीमाथि गोली चलायो । दुर्भाग्य, भीडका कारण कसैको टाउको त कसैको छातीमा लाग्यो । प्रहरीको गोलीबाट पहिलो दिन १९ जनाले ज्यान गुमाए । त्यसपछि देश शोकमा डुब्यो । तर, यसको फाइदा रवि, बालेन र सुशीला कार्कीजस्ताले उठाए । बालेनले आन्दोलनकारी र आफ्ना सन्तान गुमाएका परिवारलाई उक्साउनेगरी फेसबुकमा अराजक स्टाटस लेखे ।

रविले आफ्ना सांसदहरूले राजीनामा दिन लगाए । उता, कार्की सडकमै आइन् र एमाले-कांग्रेसलाई सरकारमा बस्न अधिकार नभएको बताइन् । भदौ २४ गते बिहानैदेखि सडकमा भीड जम्मा भयो । आन्दोलनकारीको एउटै माग थियो, प्रधानमन्त्री ओलीको राजीनामा । अन्ततः दिउँसो १२ बजे ओलीले पदबाट राजीनामा दिए । योसँगै आन्दोलनकारीको माग पूरा भयो तर आन्दोलन झनै अराजक बन्यो ।

आन्दोलनको नाममा सिंहदरबारसहित सरकारी तथा निजी सम्पत्ति जलाइयो । आन्दोलनकै मौका छोपेर रवि जेलबाट भागे । उनी भागेपछि देशभरका अदालत छानीछानी जलाइयो । भदौ २४ गते साँझ देश खरानी बनेपछि बालेनले फेसबुकमा फेरि स्टाटस लेख्दै जेन-जीलाई रोकिन र संसद् विघटन गरेरमात्र सरकार गठन गर्न भने । जेन-जी बालेनाई प्रधानमन्त्री बनाउन चाहन्थे । तर, बालेनको दाउ अर्कै थियो ।

उनको योजना रहेछ-अहिले सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने पछि चुनावपछि आफू बन्ने । त्यही भयो । भदौ २७ गते कार्की प्रधानमन्त्रीमा नियुक्त भइन् । र, लगत्तै प्रतिनिधिसभा विघटन गरिन् । फागुन २१ गते चुनाव घोषणा गरिन् । उता, आन्दोलनको बेला भागेका रवि फेरि जेल फर्किए । तैपनि न्याय पाउने आशामा । रविको आशा पनि पूरा भयो ।

प्रधानमन्त्रीको दबाबमा अदालतले उनलाई छोडिदियो । रवि जेलबाट निस्किनेबित्तिकै बालेनसँग सहमति गरे । चुनावमा सँगै होमिने र प्रधानमन्त्री बालेनलाई बनाउने । बालेन मेयरबाट राजीनामा दिएर चुनावमा होमिए । र, जिते पनि । अब उनी प्रधानमन्त्री बन्ने तय भएको छ । अब भन्ने जेन-जी आन्दोलनको योजनाकार को रहेछन् ? कलेज ड्रेसमा विद्यार्थीलाई सडकमा बोलाउने, उक्साउने अनि आरोपचाहिँ ओलीमाथिमात्र थुपार्ने ? विदेशी प्लेटफर्मलाई आफ्नो देशको कानुन मान्न लगाउनु, कर तिर्न लगाउनु अपराध हो ? ७६ जनाको लाशमाथि राजनीति गर्दै बालेन र रवि सत्तामा पुग्ने भएका त छन् तर यो सत्ता धेरै समय टिक्ने छैन ।

- **रूषा थापा**, भक्तपुर




**न्यायको माग गर्दै विरोध प्रदर्शन** | फागुन २३ गते वीरेन्द्रनगर-४, सहिद पार्क नजिकको जनजागरण सामुदायिक वनमा बलात्कारपछि हत्या भएकी गुर्भाकोट-६, बडाखोली स्थायी घर भएकी इनिसा विकको न्यायको माग गर्दै सिमकोट बजारमा विरोध प्रदर्शन । *तस्बिर: रासस*

# तुइन खोलाको पहिरोमा जोडियो 'फ्लड लाइट'



**चितवन (प्रस)**– नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत तुइन खोलाको पहिरोमा 'फ्लड लाइट' जडान गरिएको छ । सडकमा ढुंगा खस्न सक्ने सम्भावना भएकाले रातका समयमा पनि उक्त स्थान स्पष्ट देख्न सक्नेगरी दुईवटा फ्लड लाइट जडान गरिएको हो ।

सडक डिभिजन भरतपुरका सबइञ्जिनियर हरिकुमार श्रेष्ठका अनुसार शनिबार उक्त ठाउँमा विद्युत् प्राधिकरणसँगको समन्वयमा दुईवटा फ्लड लाइट जडान गरिएको छ । तुइन खोला क्षेत्रमा पहिरो र ढुंगा खस्न सक्ने जोखिमलाई मध्यनजर गर्दै रातको समयमा पनि स्पष्ट देखिनेगरी फ्लड लाइट जडान गरिएको श्रेष्ठले बताए । लाइट जडानपछि पहिरो झरेको र ढुंगा खसेको सहजै देख्न सकिने छ । यो सडकखण्डमा 'ओभरटेक' नगरी संयमित भइ यात्रा गर्न चालक एवं यात्रीलाई आग्रहसमेत गरिएको श्रेष्ठले बताए ।

शुक्रबारमात्र काठमाडौंबाट काँकडभिट्टा जाँदै गरेको रात्रिबसको क्याबिनमा ढुंगा बजारिएको थियो । यद्यपि, चालकको होसियारीले दुर्घटना टरेको थियो । तुइन खोलामा गत वर्षायाममा निरन्तर पहिरो जाँदा पटक-पटक सडक अवरुद्ध भएको थियो ।

# सूर्यविनायकमा 'स्वास्थ्यका लागि सहारा परियोजना' सुरु

**भक्तपुर (प्रस)**– सूर्यविनायक नगरपालिका र नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा भक्तपुरको साझेदारीमा तथा स्वीस रेडक्रसको आर्थिक सहयोगमा सूर्यविनायक नगरपालिकामा 'स्वास्थ्यका लागि सहारा परियोजना' लागू भएको छ ।

सूर्यविनायक नरपालिकाभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकको स्वास्थ्य सुधार, सामाजिक सहभागिता र बुढ्यौलीमैत्री समुदाय निर्माण गर्दै ज्येष्ठ नागरिकको संरक्षण गर्ने लक्ष्यका साथ परियोजना लागू गरेको नगरपालिकाका प्रमुख वासुदेव थापाले बताए ।

परियोजनाका लागि प्रत्येक वडामा स्वयंसेवकका रूपमा छनोट भएका जनशक्तिका लागि सूर्यविनायक नगरपालिका, साहारा परियाजना र नेपाल रेडक्रस सोसाइटीले आयोजना गरेको पाँचदिने व्यवहार परिवर्तनसम्बन्धी तालिमको आइतबार समापन कार्यक्रममा प्रमाणपत्र वितरण गर्दै उनले यस्तो बताएका हुन् । यसअघि पनि यस नगरपालिकाभित्र बसोबास गर्ने ज्येष्ठ नागरिकलाई सन्तानले गासबासको व्यवस्था नगरेमा नगरपालिकाले दिने सेवाबाट बन्द गर्ने घोषणा गरेको बताउँदै यस नगरपालिकाभित्र बस्ने कोही पनि ज्येष्ठ नागरिकले कुनै पनि अधिकारबाट वञ्चित हुन नदिने गरी व्यवस्था गर्दै आएको बताए ।

नगरप्रमुख थापाले भने, 'नगरबासीले तिरेको करको दुरूपयोग हुन दिएका छैनौं, यस नगरलाई बालमैत्री र ज्येष्ठ नागरिकमैत्री नगर घोषणा गर्ने लक्ष्य लिएका छौं, यस नगरपालिकाको नौ वर्षको कार्यकालमा भौतिक संरचनाको विकास गरिसक्यौं, अब प्रत्येक नागरिकको हातमा सीप, क्षमता विकासको अभियान सुरु गरेका छौं ।' उनले ज्येष्ठ नागरिकको जीवनयापनमा सहजता ल्याउन नगरपालिकाले थप बजेटको व्यवस्थापन गरेर जाने बताए ।

कार्यक्रममा नगरपालिकाका प्रवक्ता एवं सामाजिक विकास शाखाका संयोजक रवीन्द्र सापकोटाले नगरपालिकाले यहाँको विकासलाई तीव्रगतिमा अगाडि बढाएर नौ वर्षको अन्तरालमा समृद्ध नगरपालिका बनाउँदा पनि केही गरने भन्ने भाष्य फैलाइएको बताउँदै स्वयंसेवकहरूले यसलाई चिर्नुपर्ने बताए ।

उनले परियोजनाका लागि वडा-वडामा पुग्दा त्यहाँको विकासका सन्दर्भ, नगरपालिकाले प्रवाह गरेको सेवा, सुविधासँगै ज्येष्ठ नागरिकको सबै अधिकार सुनिश्चितताका लागि लाग्नुपर्ने बताए । कार्यक्रममा नेपाल रेड्क्रस सोसाइटी जिल्ला शाखा भक्तपुरका सभापति परशुराम पाण्डेले ज्येष्ठ नागरिकको स्वास्थ्य, अन्य अधिकारका साथै उनीहरूको आवश्यक सेवाहरूको पहुँचमा अभिवृद्धि गर्ने र ज्येष्ठ नागरिकप्रति समाजले गर्ने व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले सहारा परियोजना लागू गरेको बताए । उनले स्वीस रेडक्रसले परियोजना र नगरपालिकाको बराबर साझेदारीमा परियाजना लागू भएको र यसले ज्येष्ठ नागरिकको सम्पूर्ण अधिकार सुनिश्चित गर्ने बताए ।

# बर्दिवासमा खानेपानीको पहुँच हुँदा स्थानीयवासी हर्षित

**जलेश्वर (महोत्तरी)**– महोत्तरीको बर्दिवास नगरपालिकाका चारवटा वडामा खानेपानीको पहुँच पुगेको छ । बर्दिवास १, २, ३ र १४ मा लामो समयदेखि खानेपानीको समस्या थियो । अहिले घरघरमा खानेपानीको धारा जडान भएको बर्दिवास-३ की आशा कुमारीले बताइन् । बर्दिवास-१४ का विक्रम महतोले भने, 'पहिला इनारको पानी खानुपर्थ्यो । त्यो पनि हिउँद लागेपछि विस्तारै पानीको सतह घटदै जाँदा चैत, वैशाखमा धमिलो पानी खान बाध्य थियौं । अहिले धारा जडान भएपछि पानीको संकट हटेको छ ।'

बर्दिवास साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्थाले जडान गरेको धाराबाट पाँच हजार ९९८ परिवारले पानी सुविधा लिँदै आएका छन् । बर्दिवासको चुरेमा खानेपानीका तीन मुहान छन् । जुन चुरेको रातु खोलाको दहमा पर्छ । बर्दिवासको मूल सहरी क्षेत्रका वडामा दैनिक सात लाख लिटर खानेपानीको माग हुन्छ ।

हिउँद लागेपछि उपभोक्ताको माग धान्न खानेपानी समितिलाई समस्या हुने गरेको छ । रातु खोलाको सुनारमरे दहमा त्यसको मुहान छ । अहिले त्यो मुहान पनि खोला उत्खननले जोखिममा छ । दिनानुदिन बर्दिवासमा जनसंख्या बढ्दो छ भने पिउने पानीको मुहान घट्दो अवस्थामा छ । *रासस*

# ग्यास सिलिण्डर लुकाउने बिक्रेतालाई ५० हजार जरिवाना

**कास्की–** जिल्ला प्रशासन कार्यालयले ग्यास सिलिण्डर लुकाएर बजारमा कृत्रिम अभाव सृजना गर्ने एक ग्यास डिलरलाई आइतबार ५० हजार रूपैयाँ जरिवाना गरेको छ ।

बजार अनुगमनका क्रममा पोखरा महानगरपालिका-६ जरेवरस्थित भण्डारी ट्रेडर्सले ४८ थान भरिएका ग्यास सिलिण्डर लुकाएर राखेको र एउटा सिलिण्डरबाट अर्कोमा ग्यास सार्दै गरेको अवस्थामा तीन थान उपकरणसहित फेला पारेपछि सो कारबाही गरिएको सहायक प्रमुख जिल्ला अधिकारी शिवप्रसाद लम्सालले बताए । जिल्ला प्रशासन कार्यालयसहित जिल्ला प्रहरी कार्यालय, आयल निगम, स्थानीय जनप्रतिनिधि, उपभोक्ता मञ्चका प्रतिनिधिसहितको संयुक्त अनुगमन टोलीले पोखराका पाँच ग्यास डिलरको अनुगमन गरेको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी लम्सालले बजारमा ग्यास अभाव भएको गुनासो बढेपछि प्रशासनले गरेको छड्के अनुगमनका क्रममा एउटा डिलरमा कैफियत भेटिएको र उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम तत्कालै जरिवाना गरिएको बताए । अनुगमन टोलीले भण्डारी ट्रेडर्समा भेटिएका ४८ थान ठूला र ३८ थान साना ग्यास सिलिण्डर पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा तत्काल उपभोक्तालाई बिक्री गर्नसमेत निर्देशन दिएको छ । प्रशासनको अग्रसरतामा आइतबार नै बसेको सरोकारवालाको समन्वय बैठकले एलपी ग्यासको बिक्रीवितरणलाई व्यवस्थित गर्ने निर्णयसमेत गरेको छ । प्रशासनले ग्यासको अनावश्यक सञ्चय नगर्न, आधिकारिक प्रमाणपत्र लिएका व्यवसायीलेमात्र बिक्रीवितरण गर्न र बोतल वा जर्किनमा खुलारूपमा पेट्रोलियम पदार्थ बिक्री नगर्नसमेत आग्रह गरेको छ । प्रशासनले ज्येष्ठ नागरिक, पूर्णरूपले अशक्त र अपांगता भएका व्यक्ति तथा भाडामा बस्ने विद्यार्थीलाई ग्यासमा प्राथमिकता दिन बिक्रेतालाई आग्रह गरेको छ । *रासस*

# धुलिखेल-खावा खण्डमा आवागमन रोकेर स्तरोन्नति गरिँदै

**काभ्रेपलाञ्चोक–** अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डमा सवारीसाधानलाई रोक लगाई पक्की बनाउन थालिएको छ । उक्त सडकखण्डको स्तरोन्नतिका लागि यही चैत पहिलो सातादेखि दुई हप्ता बन्द गरी कामलाई तीव्रता दिने डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको हो ।

लामो समयसम्म निर्माण व्यवसायीको लापरबाहीका कारण रोकिएको सडक विस्तारका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरिएपछि स्तरोन्नतिलाई तीव्रता दिइएको डिभिजन सडक कार्यालयले जनाएको छ । उक्त खण्डमा पक्की बनाउन यही चैत ७ गतेदेखि २० गतेसम्म रातिको समयमा यातायातका साधान बन्द गरिएको कार्यालय प्रमुख सिनियर डिभिजनल इञ्जिनियर सुनम योगेशले जानकारी दिए । उक्त अवधिभर ट्रिपरसहित मालवाहक सवारीसाधानलाई पूर्णतः रोक लगाइएको उनले बताए । उनका अनुसार चार किलोमिटर दूरीको उक्त सडकखण्डमध्ये चैत महिनामा २.५ किलोमिटर र आगामी वैशाखमा बाँकी पक्की गरिसक्ने लक्ष्य लिइएको छ ।

उक्त सडकखण्डमा हाल 'सिसिटिभी' हाल्ने तयारी गरिएको सिनियर डिभिजनल इञ्जिनियर योगेशले बताए । 'त्यसपछि लक्ष्यअनुसार पक्की बनाउँदै लगिने छ,' उनले भने । लामो समयसम्म निर्माण व्यवसायीको लापरवाहीका कारण रोकिएको स्तरोन्नतिका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता गरेपछि विभिन्न स्थानमा कटिङको काम सुरु भइसकेको उनले जानकारी दिए ।

कार्यालयका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सिएन एवान काली जेभीसँग भ्याटबाहेक ३१ करोड ५६ लाख रूपैयाँमा ठेक्का सम्झौता गरिएको हो । हाल साना संरचना तथा टेवा पर्खाल निर्माण भइरहेको जनाइएको छ । चिसो मौसमका कारण सडकमा सतह (सर्फेस्)को काम नभएको भन्दै चिसो कम हुँदै गएपछि पक्की बनाइने योगेशले बताए । उक्त सडकखण्डमा कालोपत्रको काम सकिएपछि सडकको स्लोप मेन्टेन र अन्य बाँकी काम गरिने उनको भनाइ छ ।

सात मिटर चौडाइको बन्ने उक्त सडकका विभिन्न खण्डमा रहेका पहिरो व्यवस्थापन गर्न नयाँ प्रविधिको प्रयोग गरिने सिनियर डिभिजनल इञ्जिनियर योगेशले जानकारी दिए । यसैबीच निर्माणमा ढिलासुस्ती हुँदा तीन वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको स्थानीय बताउँछन् । कार्यालयले पुरानो ठेक्का रद्द गरेको पाँच महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो ।

उक्त सडक नयाँ निर्माण कम्पनीले समयमा सक्नेमा आशावादी भएको योगेशले बताए । जिल्ला सदरमुकाम धुलिखेल-खावासम्मको उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले विसं २०८१ फागुन १५ गते स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको थियो ।

अरनिको राजमार्गहुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमा नबन्दा यात्रु धूलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य हुँदै आएका छन् । उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारवहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्र डिबिएम र आस्फाल कालोपत्र गर्ने कार्यालयले योजना बनाएको छ । *रासस*

# भोजपुरमा सुरु भयो 'वन डढेलो व्यवस्थापन सप्ताह'

**भोजपुर (प्रस)**– भोजपुरमा पनि आइतबारदेखि 'वन डढेलो व्यवस्थापन सप्ताह' सुरु भएको छ । 'वन डढेलो नियन्त्रणमा प्रभावकारिताः तीनै तहका सरकार र समुदायको सहभागिता' नाराका सप्ताह सुरु भएको डिभिजन वन कार्यालय भोजपुरका प्रमुख खुद्रुस मियाँले जानकारी दिए ।

उनका अनुसार वन तथा वातावरण मन्त्रालयले वन डढेलो व्यवस्थापन रणनीति, २०६७ अनुसार प्रत्येक वर्ष चैत १ देखि ७ गतेसम्म 'वन डढेलो व्यवस्थापन सप्ताह' मनाउँदै आएको छ । वन क्षेत्रमा लाग्ने डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले जिल्लमा पनि सचेतनामूलक कार्यक्रम सुरु गरिएको हो । डढेलो न्यूनीकरण तथा नियन्त्रणका लागि जनचेतना अभिवृद्धिका लागि जिल्लामा डिभिजन वन कार्यालयसँगै वन पैदावार औद्योगिक व्यवसायी संघ भोजपुर, सामुदायिक वन उपभोत्ता महासंघ, भोजपुर र दिव्या रोजिन एण्ड टर्पेन्टाइन प्रालि, मोरङ सक्रिय देखिएको छ ।

सप्ताहका अवसरमा जनचेतना अभिवृद्धि कार्यक्रम, समुदायस्तरीय अभिमुखीकरण, प्रचारप्रसार अभियान, स्थानीय सञ्चारमाध्यमबाट सूचना प्रवाह, जोखिमयुक्त क्षेत्रको अनुगमन, वन क्षेत्रमा अग्निरेखा निर्माण, सरसफाइ तथा अन्य उपयुक्त डढेलो व्यवस्थापनसम्बन्धी गतिविधि सञ्चालन हुने छन् ।

नेपालमा सुक्खायाम सुरु भएसँगै विशेषगरी फागुनदेखि जेठसम्म वन क्षेत्रमा डढेलो लाग्ने जोखिम उच्च रहने गरेको छ । डढेलोका कारण वन स्रोत, जैविक विविधता, वातावरणीय सन्तुलन, जलस्रोत, मानव स्वास्थ्य तथा जनधनमा गम्भीर नकारात्मक प्रभाव पर्ने भएकाले यसको रोकथाम तथा नियन्त्रणका लागि समयमै प्रभावकारी पूर्वतयारी, समन्वय र जनचेतना अभिवृद्धि आवश्यक रहेको डिभिजन वन कार्यालय भोजपुरका प्रमुख मियाँले बताए ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय**
**(मिनाहामोजरा शाखा, हलचोक, काठमाण्डौं)**

**सम्पत्ति तथा जिन्सी मालसामान र सवारी साधनहरुको लिलाम बिक्री सम्बन्धी बोलपत्र आह्वानको सूचना**


**सूचना नं. ०८२/०८३/०१**

**प्रथम पटक प्रकाशित मितिः–२०८२/१२/०२ गते ।**

यस सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालयमा रहेको प्रयोगमा आउन नसक्ने भई लिलाम बिक्री गर्ने निर्णय भएका सम्पत्ति तथा जिन्सी मालसामान एवं सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएका छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन (मिति २०८२/१२/२२ गते) भित्र बोलपत्र खरिद गरी २२ औं दिन (मिति २०८२/१२/२३ गते) मा दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गराउनु हुन ईच्छुक व्यक्ति, फर्म संस्था वा कम्पनीलाई आह्वान गरिन्छ । लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानहरु र दर्ता नामसारी नहुने सवारी साधन सहितको मु.अ.कर बाहेक न्यूनतम कायम जम्मा मूल्य रु.२४,०२,५७४.५९ (अक्षरुपी चौबिस लाख दुई हजार पाँच सय चौहत्तर रुपैयाँ र उनन्साठी पैसा मात्र) रहेको छ । विस्तृत व्यहोरा बोलपत्र फाराम तथा सशस्त्र प्रहरी बल, नेपालको Website:–www.apf.gov.np मा राखिएको छ । यस सम्बन्धमा सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मिनाहामोजरा शाखाबाट थप जानकारी प्राप्त गर्न सकिनेछ ।

# प्रभाव दैनिक

रूपशाला

## हिमालयन सितारले ल्याए 'वेदांशी'

सितार वादक हिमालयन सितारले 'वेदांशी' नामक गीत सार्वजनिक गरेका छन् । सार्वजनिक वेदांशी गीत 'श्रुति' नामक एल्बमको पहिलो गीत रहेको सितारले बताए । वेदांशी सितार, सेक्सोफोन र लाफ्ताको फ्युजन भएको उनले बताए । वेदांशी नामक गीतमा हिमालयन सितारले चिलीको ब्याण्ड 'सेरो डुओ'सँग सहकार्य गरेका छन् । सात मिनेट लामो वेदांशीमा हिमालयन सितारलाई चिलीका संगीतकार मोआ एड्मण्डस ग्वेभाराले लाफ्ता र तोमास कारास्को गुवेरान्तिसले सेक्सोफोन बजाएर साथ दिएका छन् ।



# 'पारिजात स्मारिका' लोकार्पण





**काठमाडौं (प्रस)–** साहित्यकार पारिजातको ९२औं जन्मजयन्तीका अवसरमा 'पारिजात स्मारिका' लोकार्पण गरिएको छ । पारिजात स्मृति केन्द्र काठमाडौंको आयोजनामा एक कार्यक्रमबीच प्रा.डा. वासुदेव त्रिपाठी, डा. महेश मास्केलगायत साहित्यकार तथा विशिष्ट व्यक्तिहरूले संयुक्तरूपमा उक्त स्मारिका लोकार्पण गरेका हुन् । कार्यक्रममा पारिजातको जीवन, साहित्यिक योगदान र समकालीन नेपाली साहित्यमा उनले पुऱ्याएको प्रभावका बारेमा चर्चा गरिएको थियो ।

स्मारिका लोकार्पण गर्दै प्रा.डा. त्रिपाठीले नेपाली साहित्यको इतिहासमा पारिजातको योगदान अत्यन्त महत्त्वपूर्ण र अविष्मरणीय रहेको बताए । पारिजातले लेखेको शिरीषको फूल उपन्यास आजसम्म पनि नेपाली साहित्यका पाठक र समालोचकबीच चर्चित र लोकप्रिय रहेको उनको भनाइ थियो ।

त्यसैगरी, डा. मास्केले पारिजात केवल साहित्यकारमात्र नभई सामाजिक चेतना जगाउने प्रगतिशील चिन्तक भएको बताए । पारिजातका रचनाले नेपाली समाजमा समानता, स्वतन्त्रता र मानवताको मूल्यलाई स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेको उनले उल्लेख गरे ।

कार्यक्रममा सहभागी विभिन्न साहित्यकार, लेखक तथा स्रस्टाहरूले पारिजातको साहित्यिक योगदानको चर्चा गरेका थिए । साहित्यकार पारिजातले आफ्नो लेखनमार्फत समाजका पीडा, संघर्ष र मानवीय भावनालाई सशक्तरूपमा प्रस्तुत गरेको वक्ताहरूको भनाइ थियो ।

# मण्डला थिएटरमा नाटक 'चरणदास चोर'



**काठमाडौं (प्रस)–** भारतीय रंगकर्मी हबिब तनवीरद्वारा लिखित नाटक चरणदास चोर मण्डला थिएटरमा मञ्चन भइरहेको छ ।

पुरानो बानेश्वरस्थित थिएटरमा यही फागुन २८ गतेदेखि मञ्चित नाटक चैत ११ गतेसम्म हुने छ । निर्देशक मिलन कार्कीका अनुसार नाटक युवाको रोजाइमा परेको छ ।

नाटकलाई रंगकर्मी राजन खतिवडा र आशान्त शर्माले नाटक शैलीमा रूपान्तरण गरेका हुन् । नाटकमा विनय पन्त, विश्व विजय विक, विनिता गिरी, अनुष्का कार्की, लक्ष्मण खत्री, जितन राई, पार्वता भुसाल, दुर्गा पौडेल, सरिता नेपाली, टेकबहादुर खाती, रिजन थिङ लामा, प्रबल जोशी, अर्मन शाही, मणिराज घले, ओजश लामा, मनिला राना मगर, सांकेनमा राई, रचना पाण्डेय, गिरिश रत्न शाक्य, योदिश न्यौपाने, भरत बुढा, सक्षम कोइराल र दसर्फराज अधिकारीको अभिनय रहेको छ ।

नाटक हेरेपछि बानेश्वरका विश्व रायमाझीले कलाकारको अभिनयले नै आफूलाई थिएटरसम्म तानेको बताए । 'नाटक हेर्दा जीवन्त महसुस गर्छु, त्यसैले प्रायः नाटक हेर्न छुटाउँदिन,' उनले भने ।

नाटक मञ्च निर्माण जेनी सुनुवारले गरेकी छन् भने, उमेश तामाङको प्रकाश संयोजन रहेको छ । त्यस्तै, नाटकमा सौरभ चालिसेको संगीत संयोजन, अनुप न्यौपाने, राजन खतिवडा र आशान्त शर्माको गीत रहेको छ ।

# महेश्वर पन्तको 'धर्तीमुनिका तारा' सार्वजनिक




**काठमाडौं (प्रस)–** स्रस्टा एवं संगीतकार महेश्वर पन्तद्वारा लिखित कथासंग्रह 'धर्तीमुनिका तारा' एक विशेष साहित्यिक समारोहबीच लोकार्पण गरिएको छ ।

साहित्यकार रमेश दाहालद्वारा सम्पादित उक्त कृतिको लोकार्पण अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) र कालीभक्त–कृष्णा पन्त स्मृति प्रतिष्ठानको संयुक्त तत्वावधानमा आयोजित कार्यक्रममार्फत गरिएको हो । प्रतिष्ठानका अध्यक्ष प्रा.डा. पार्थिवेश्वर तिमिल्सिनाको सभापतित्वमा भएको कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले कथा संग्रह सार्वजनिक गरेका थिए ।

कार्यक्रममा बौल्दै कुलपति राईले स्रस्टा पन्तको साहित्यिक व्यक्तित्वको प्रशंसा गरे । आफू अमेरिका जाँदाका बेला पन्तबाट प्राप्त आत्मीय सत्कारको स्मरणसहित कृति 'धर्तीमुनिका तारा'को महत्त्वबारे उनले चर्चा गरेका थिए ।

कार्यक्रममा विशेष वक्ता सन्ध्या पहाडीले उक्त कथासंग्रहमा अन्तर्निहित नारीसम्बन्धी संवेदनशील विषयवस्तुहरूको विवेचनात्मक चर्चा गरेकी थिइन् । प्रा.डा. गोविन्दमानसिंह कार्कीले कृतिको संरचना, विषयवस्तु तथा साहित्यिक महत्त्वमाथि विस्तृत टिप्पणी प्रस्तुत गरेका थिए । त्यसैगरी प्रा.डा. रामप्रसाद दाहालले कथाभित्र निहित अन्तर्य, जीवनानुभूतिको प्रभाव र पाठकमा पर्ने साहित्यिक प्रभावबारे विश्लेषण गरेका थिए ।

पुस्तकको बिक्रीबाट संकलित रकम प्रतिष्ठानले नेपाली भाषा, साहित्यको प्रवर्द्धन तथा सामाजिक विकासमा प्रयोग गर्ने स्रस्टा पन्तले जानकारी दिए ।

## रंगशाला

### कृष्णप्रसाद भट्टराई स्मृति फुटबल

# बसाहा क्लब सेमिफाइनलमा

**सुनसरी (प्रस)–** इटहरीमा जारी तेस्रो संस्करणको अन्तर्राष्ट्रिय आमन्त्रण स्व. कृष्णप्रसाद भट्टराई स्मृति गोल्डकप फुटबल प्रतियोगितामा उदयपुरको बसाहा क्लब सेमिफाइनलमा प्रवेश गरेको छ ।

इटहरीस्थित जनता बहुमुखी क्याम्पसको खेल मैदानमा आज भएको खेलमा उदयपुरको बसाहा क्लबले न्यु स्टार क्लब बराहा क्षेत्रलाई 'ट्राइब्रेकर'मा ४-३ गोलअन्तरले पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो । निर्धारित समयमा दुवै टोलीले २-२ गोलको बराबरी खेलेपछि खेलको निर्णय ट्राइब्रेकरबाट गरिएको थियो । बसाहा क्लबका लागि रितेश तामाङले ५७औं मिनेटमा तथा अनिश बस्नेतले ७६औं मिनेटमा गोल गरेका थिए । यस्तै न्यु स्टार क्लबका नितेश लिम्बूले खेलको नवौं र ५९औं मिनेटमा गोल गरेका थिए ।

ट्राइब्रेकरमा बसाहा क्लबका रितेश तामाङ, बिबेक चौधरी, आयुष राई र पवन मगरले गोल गरेका थिए भने न्यु स्टार क्लबका सन्दीप श्रेष्ठ, नितेश लिम्बू र भीम विकले गोल गरे भने सुसान्त तामाङ र उमेश कार्कीले गोल गर्न सकेनन् । आइतबारको खेलको 'प्लेयर अफ दि म्याच' बसाहा क्लबका गोलकिपर सन्दीप भट्टराई घोषित भए । उनले पाँच हजार ५०० रूपैयाँसहित मेडल प्राप्त गरेको क्लबका सचिव विज्ञान राईले जानकारी दिए । आज सोमबार क्वाटरफाइनल खेल संखुवासभाको लोहोरुङ फुटबल क्लब र तेह्रथुमको चुत्तन स्पोर्टिङ क्लबबीच हुने छ । यही चैत ७ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा एक भारतीय टोलीसहित आठ टोली सहभागी छन् ।

## गौरीशंकर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### सुरी, दोलखा

### विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र तथा सिलबन्दी दरभापत्र आव्हान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२/१२/०२**

तपसिलमा उल्लेखित कार्य विद्युतिय खरिद प्रक्रिया मार्फत बोलपत्र आह्वान गरी तपसिलमा उल्लेखित कार्यहरु गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक निर्माण व्यवसायीहरूलाई मिति २०८२/१२/१७ गते दिनको १२:०० सम्म सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मार्फत खरिद प्रकृयामा सहभागी हुन यो बोलपत्र तथा सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ । थप जानकारीको लागि PPMO को website हेर्नुहुन अनुरोध छ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रु. मु.अ.कर, PS रकम सहित र कन्टिजेन्सी बाहेक) | बोलपत्र जमानत रकम (रु) | बोलपत्र दस्तुर (रु) | कैफियत |
|---|---|---|---|---|---|
| 10/GRM/NCB/Works/W.S/2082-83 | काशिका नक्पा खानेपानी योजना निर्माण गौरीशंकर- ५, सुरी, दोलखा । | २४,९४,५२६।९६ | ७०,०००।०० | ३,०००।०० | दोस्रो पटक प्रकाशित |
| 09/GRM/SQ/GOODS/T.B/2082-83 | Fabrication of Steel parts and Transportation up to road head of Tasinam Khola Trail Bridge, Dolakha. | १२,५८,३६७।८४ | ३१,४५९।२० | १,०००।०० | |
| 02/GRM/SQ/WORKS/2082-83 | गाउँपालिका कर्माचारी आवास शौचालय निर्माण, सुरि- ५, दोलखा। | ७,८४,७६८।१० | १९,६१९।२० | १,०००।०० | |

**प्रमुख प्रशासकीय अधिकृत**


## अधिकतम् खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले भारतबाट पैठारी गरेको देहायको मालबस्तुहरूको खुद्रा अधिकतम बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीका लागि यो मूल्य सुची प्रकाशन गरिएको छ ।

| सि. नं. | मालबस्तुको विवरण | आकार प्रकार | ब्रान्ड | मोडल | उत्पादित मुलुक राष्ट्र | क्षमता | इकाइ | प्रति इकाइ मूल्य | अधिकतम खुद्रा बिक्री मूल्य |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक रिक्सा | NANYA | SAWAARI | भारत | १२०० वाट | २५ पिस | ३,०२,७३३/- | ३,२६,५००/- |

**बिक्रेता फर्मको नाम: जामुनी अटो सेन्टर प्रा.लि.**
**फोन नं : ९८०२३४५४७२**
**ठेगाना : तिलोत्तमा-५, रूपन्देही, नेपाल**
**स्थायी लेखा नं: ६१०२९४९९०**
**Exime Code: ६१०२९४९९००१३९ NP**

## मलेसियामा रोजगार

कम्पनी : SVS VAASAN METALS SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/१२/०१ LT. No. 339983 चलानी नं. ६०२५३४४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 10 | 0 | 1700 | ६३.९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ९ गते (23rd March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Dar Al-Khaleej
श्रम ईजाजत नं. ५५७/०६२/६३
**DAR AL-KHALEEJ OVERSEAS MANPOWER CONCULTANT**
Sambhu Marg, Airport, Kathmandu, Nepal, Contact no.: 01- 4569996, 9804821491, 9801041130
Email: Info@daralkhaleej.com.np, Web: www.daralkhaleej.com.np

## MAURITIUS मा रोजगार

कम्पनी : RAMASAWMY & RAMASAWMY CO LTD

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/०१ LT. No. 329644 चलानी नं. ६०२४३९२४

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव MUR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | carpenter | 50 | 0 | 20000 | ६१.०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | steel fixer | 35 | 0 | 20000 | ६१.०५० | | | | | | | |
| 3 | mason | 83 | 0 | 20000 | ६१.०५० | | | | | | | |
| 4 | tile layer | 25 | 0 | 20000 | ६१.०५० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ९ गते (23rd March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

## मलेसियामा रोजगार

कम्पनी : LADANG JASA SURIA SDN.DHB.

पूर्व स्वीकृति मिति : २०८२/१२/०१ LT. No. 339995 चलानी नं. ६०२५३४४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 50 | 0 | 1700 | ६३.९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ९ गते (23rd March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.२१००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



HAPPY
**HAPPY NEPAL EMPLOYMENT PVT. LTD**
Maharajgunj-3, 2 No. Gate President House Kathmandu, Nepal, Tel: +977-1-4535733/4538533, Mob: 9847364227
bishwo 984-3560000, subash 980-3050838 , Email: happynepalemployment@gmail.com, Web: www.happynepalemployment.com.np
Branch Office: Prithivichowk -8, Pokhara, Kaski, Mob: 9806625652, Email: happynepalemploymentpvtltdpokh@gmail.com
श्रम ईजाजत नं. ८८३/०६७/०६८

## मलेसियामा रोजगार

कम्पनी : DAI SUWON PACKAGING SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/०१ LT. No. 339996 चलानी नं. ६०२५३४३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 23 | 0 | 1700 | ६३.९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ चैत ९ गते (23rd March 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |



**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**SANTI OVERSEAS PVT. LTD.**
Chundevi-04, Maharajgunj, Kathmandu, Nepal, Tel: +977-015910769, Mob: 9801081597
E-mail: overseassanti1495@gmail.com, Website: www.santioverseas.com
श्रम ईजाजत नं. १४९५/०७४/०७५



श्रीलंकाको कोलम्बाको बाहिरी इलाकामा रहेको बियागामास्थित इन्धन स्टेसनमा आफ्नो अटो रिक्शामा इन्धन भर्न लाइनमा पर्खिरहेका चालकहरू । *तस्बिर: एएफपी*

# अफगानिस्तानमा पाकिस्तानी हवाई आक्रमण

**इस्लामाबाद–** पाकिस्तानले आइतबार दक्षिणी अफगानिस्तानका केही सैन्य संरचना र आफूले 'आतंकवादी लुकेका स्थान' भनेका क्षेत्रहरूमा हवाई आक्रमण गरेको जनाएको छ । दुई देशबीच बढ्दो तनावको बीचमा पाकिस्तानले उक्त कारबाही गरेको हो ।

सुरक्षा स्रोतका अनुसार अफगानिस्तानको कान्दाहारमा तालिबान प्रशासनका सर्वोच्च नेता हिबतुल्ला अखुन्दजादाको घर नजिकैको प्राविधिक सहयोग र उपकरण भण्डारण स्थललाई पाकिस्तानी सेनाले लक्षित गरी नष्ट गरेको बताइएको छ । स्रोतहरूले उक्त स्थललाई सैन्य गतिविधिसँग सम्बन्धित पूर्वाधार भएको उल्लेख गरेका छन् ।



पाकिस्तानी पक्षले अर्को आक्रमण कान्दाहारमा रहेको एउटा सुरुङमा केन्द्रित रहेको दाबी गरेको छ । उक्त सुरुङ अफगान तालिबान र पाकिस्तानविरुद्ध सक्रिय लडाकु समूहले प्रयोग गर्ने गरेको आरोप पाकिस्तानले लगाएको छ । कान्दाहारका स्थानीय बासिन्दाहरूले आक्रमणका क्रममा आकाशमा लडाकु विमान उडिरहेको देखिएको र राति विष्फोटको आवाज सुनेको बताएका छन् । एक स्थानीयले भने, 'सैन्य विमानहरू पहाडमाथि उडे, त्यसपछि विष्फोट भयो र आगो बलिरहेको देखियो ।'

कान्दाहारको दक्षिणपूर्वमा पर्ने स्पिन बोल्डक क्षेत्रमा पनि हवाई आक्रमणको आवाज सुनिएको बासिन्दाहरूले बताएका छन् । त्यस्तै पूर्वी सीमावर्ती प्रान्त खोस्तमा शनिबार राति झडप भएको अधिकारीहरूले बताए । तालिबान सरकारका प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार उक्त आक्रमणले कान्दाहारस्थित लागुऔषध पुनर्स्थापना केन्द्र र खाली कन्टेनरहरूमा केही क्षति पुर्‍याएको छ । उनले भने, 'पाकिस्तानले लक्षित गरेको स्थलहरू यी दुई ठाउँबाट धेरै टाढा छन् ।'

यसअघि पाकिस्तानले अफगानिस्तानबाट गरिएको भनिएको मानवविहीन विमान आक्रमणलाई विफल पारेको दाबी गरेको थियो । उक्त आक्रमण शुक्रबार राति रोकिएको बताइएको छ । अधिकारीहरूका अनुसार राजधानी इस्लामाबाद नजिकै रावलपिण्डीमा रहेको पाकिस्तानी सैन्य मुख्यालयसहित कम्तीमा तीन स्थानलाई लक्षित गरी आक्रमण प्रयास गरिएको थियो ।

पाकिस्तानका राष्ट्रपति आसिफ अली जर्दारीको कार्यालयले अफगान तालिबानले सर्वसाधारणलाई लक्षित गरेर 'रेड लाइन पार गरेको' आरोप लगाउँदै त्यसको कडा जवाफ दिने चेतावनी दिएको छ ।

पाकिस्तानमा भएका आक्रमणपछि इस्लामवादी चरमपन्थी समूहहरूलाई लक्षित गर्दै गत महिनादेखि पाकिस्तानले अफगानिस्तानविरुद्ध सैन्य कारबाही सुरु गरेको हो । तर तालिबान सरकारले भने अफगान भूमिबाट कुनै आतंकवादी गतिविधि सञ्चालन भएको वा आफ्नो संलग्नता रहेको आरोप अस्वीकार गरेको छ । पाकिस्तानले भने आफ्नो कारबाही सर्वसाधारणलाई लक्षित नगरेको दाबी गरेको छ ।

हालका हप्ताहरूमा सीमा क्षेत्रमा बारम्बार झडपहरू भइरहेका छन् । यसले व्यापारमा अवरोध सिर्जना गरेको छ र नजिकका बासिन्दाहरूलाई आफ्नो घर छोड्न बाध्य बनाएको छ । अफगानिस्तानमा संयुक्त राष्ट्रसंघीय सहयोग मिसनले सार्वजनिक गरेको विवरणअनुसार फेब्रुअरी २६ यता भएका झडपहरूमा कम्तीमा ७५ जना सर्वसाधारणको मृत्यु भएको छ भने १९३ जना घाइते भएका छन् । *रासस/एएफपी*

# छोरीसँगै किमले गरे रकेट प्रहार अभ्यास अवलोकन

**सियोल–** उत्तर कोरियाली नेता किम जोङ उनले आफ्नी किशोरी छोरीसँगै बहुरकेट प्रक्षेपण प्रणालीको प्रत्यक्ष प्रहार अभ्यास अवलोकन गरेका छन् । राज्य सञ्चारमाध्यमले आइतबार सार्वजनिक गरेको विवरणअनुसार उक्त परीक्षणलाई दक्षिण कोरिया र अमेरिकाबीच भइरहेको संयुक्त सैनिक अभ्यासप्रति उत्तर कोरियाको सम्भावित प्रतिक्रियाका रूपमा हेरिएको छ ।

उत्तर कोरियाको सरकारी समाचार संस्थाले किमले शनिबार देशको पूर्वी समुद्री किनार क्षेत्रमा सञ्चालन गरिएको आक्रमण अभ्यास प्रत्यक्षरूपमा अवलोकन गर्नुभएको जनाएको छ । उक्त अभ्यासमा ६०० मिलिमिटर क्षमताका अत्यन्त सटीक बहुरकेट प्रक्षेपण यन्त्रका १२ वटा प्रक्षेपक प्रयोग गरिएको बताइएको छ ।

यसअघि शनिबार दक्षिण कोरियाली सेनाले उत्तर कोरियाको राजधानी आसपासको क्षेत्रबाट पूर्वी समुद्रतर्फ करिब १० वटा ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार भएको पत्ता लगाएको जनाएको थियो । दक्षिण कोरियाको राष्ट्रिय सुरक्षा परिषद्ले यसलाई उत्तर कोरियामाथि ब्यालेस्टिक क्षेप्यास्त्र गतिविधिमा प्रतिबन्ध लगाउने संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्तावको उल्लंघन भएको उक्साहटपूर्ण कदम भनेको छ ।

राज्य समाचार संस्थाले किमलाई उद्धृत गर्दै उक्त अभ्यासले ४२० किलोमिटरभित्र रहेका सम्भावित शत्रुहरूलाई 'असहज बनाउने' र उनीहरूलाई 'रणनीतिक आणविक हतियारको विनाशकारी शक्ति कति भयावह हुन सक्छ भन्ने गहिरो समझ दिने' बताउनुभएको जनाएको छ । यदि यस्तो हतियार प्रयोग गरियो भने प्रहार दायराभित्र रहेका विरोधी पक्षका सैन्य संरचनाहरू जोगिन नसक्ने उनको भनाइ उद्धृत गरिएको छ ।

प्रकाशित तस्बिरहरूमा किम र उनकी छोरी विशाल ओलिभ रङका प्रक्षेपण ट्रकहरू नजिकै हिँडिरहेको र तीबाट हतियार प्रहार भइरहेको दृश्य देखिएको छ । ती किशोरीलाई किम जोङ उनकी छोरी किम जु ए भएको मानिन्छ र उनको उमेर करिब १३ वर्ष रहेको बताइन्छ । सन् २०२२ को अन्त्यदेखि उनले क्षेप्यास्त्र परीक्षण, सैनिक परेड र अन्य महत्त्वपूर्ण कार्यक्रमहरूमा आफ्ना बुबासँग सार्वजनिकरूपमा उपस्थिति जनाउँदै आएकी छन् । यसले उनलाई सम्भावित उत्तराधिकारीका रूपमा तयार पारिएको हुन सक्ने अड्कलहरूलाई बल दिएको विश्लेषकहरू बताउँछन् ।

सुरक्षा विश्लेषकहरूका अनुसार उत्तर कोरियाले प्रयोग गर्ने यस्ता ठूलो आकारका रकेट प्रक्षेपण प्रणालीले तोपखाना प्रणाली र ब्यालेस्टिक क्षेप्यास्त्रबीचको सीमालाई अस्पष्ट बनाउँछन् । ती हतियारहरूले आफ्नै बल सिर्जना गरेर उडान भर्न सक्ने र लक्ष्यतर्फ निर्देशित हुन सक्ने भएकाले तिनको प्रभावकारिता बढी मानिन्छ । उत्तर कोरियाले यस्ता केही प्रणालीहरूबाट आणविक हतियार समेत प्रक्षेपण गर्न सकिने दाबी गर्दै आएको छ ।

यसैबीच अमेरिका र दक्षिण कोरियाबीच सञ्चालन भइरहेको वसन्तकालीन संयुक्त सैनिक अभ्यास जारी छ । उक्त अभ्यास मुख्यतया कम्प्युटरद्वारा सञ्चालन गरिने कमाण्ड केन्द्र अभ्यासमा केन्द्रित रहेको बताइएको छ र यो मार्च १९ सम्म चल्ने छ ।

उत्तर कोरियाले यस्ता संयुक्त सैनिक अभ्यासलाई प्रायः आक्रमणको पूर्वाभ्यासका रूपमा व्याख्या गर्दै आएको छ । त्यसैले प्योङयाङले प्रायः आफ्ना हतियार परीक्षण र कडा चेतावनीपूर्ण वक्तव्यहरूमार्फत त्यसको प्रतिक्रिया दिने गरेको विश्लेषकहरूले बताएका छन् । *रासस/एपी*

# सामाजिक सञ्जालमा युद्धसम्बन्धी एआई नक्कली सामग्री फैलिँदै

**वासिङ्टन–** इरान-अमेरिका युद्धका बारेमा सामाजिक सञ्जाल विशेषगरी एक्समा कृत्रिम बौद्धिकता (एआई) बाट बनाइएका नक्कली तस्बिर र भिडियोहरू तीव्ररूपमा फैलिरहेका छन् । गलत सूचना रोक्न एक्स प्लेटफर्मले कडा नीति घोषणा गरे पनि युद्धसम्बन्धी भ्रामक सामग्रीको प्रसार भने रोकिएको छैन ।




अनुसन्धानकर्ताहरूका अनुसार मध्यपूर्व युद्ध सुरु भएपछि एआईले बनाइएका दृश्य सामग्रीहरूको बाढी आएको छ । यसले अघिल्ला द्वन्द्वका समयमा देखिएका सामग्रीहरूभन्दा धेरै ठूलो परिमाणमा सामाजिक सञ्जालमा फैलिएको छ, जसका कारण प्रयोगकर्ताहरूलाई वास्तविक र बनावटी सामग्री छुट्याउन कठिन भएको छ ।

युद्धका क्रममा 'प्रामाणिक सूचना' जोगाउने प्रयासस्वरूप उक्त एक्सले गत साता नयाँ नीति घोषणा गरेको थियो । त्यसअनुसार एआईबाट बनाइएको युद्धसम्बन्धी भिडियो वा तस्बिर पोस्ट गर्दा त्यसलाई स्पष्टरूपमा उल्लेख नगरेमा सामग्री सिर्जनाकर्तालाई प्लेटफर्मको आम्दानी साझेदारी कार्यक्रमबाट ९० दिनका लागि निलम्बन गरिने बताइएको छ । बारम्बार नियम उल्लंघन गरे स्थायी रूपमा प्रतिबन्ध लगाइने चेतावनी पनि दिइएको छ ।

यो नीति लागू गरिए पनि गलत सूचना रोक्न पर्याप्त भएको छैन भन्ने चिन्ता अनुसन्धानकर्ताहरूले व्यक्त गरेका छन् । रणनीतिक संवादसम्बन्धी एक अनुसन्धान संस्थाका अनुसन्धानकर्ता जो बोडनारका अनुसार उनले निगरानी गर्ने सामाजिक सञ्जाल सामग्रीहरू अझै पनि युद्धसम्बन्धी कृत्रिम बुद्धिमत्ताबाट बनाइएका तस्बिर र भिडियोहरूले भरिएका छन् ।

उनका अनुसार केही प्रिमियम खाताहरूबाटसमेत भ्रामक सामग्री फैलिएको देखिएको छ । यस्ता खातामध्ये एकले इजरायलमाथि इरानले कथितरूपमा 'आणविक क्षमतायुक्त' आक्रमण गरेको दृश्य देखाउने कृत्रिम भिडियो साझा गरेको थियो । उक्त सामग्रीले प्लेटफर्मको नीति घोषणासम्बन्धी सन्देशभन्दा पनि धेरै पटक हेरिएको थियो ।

एएफपीको विश्वव्यापी तथ्यजाँच सञ्जालले ब्राजिलदेखि भारतसम्म विभिन्न देशहरूमा फैलिएका युद्धसम्बन्धी कृत्रिम नक्कली सामग्रीहरू पहिचान गरेको छ । ती सामग्रीमध्ये केही भिडियोहरूले बम विष्फोट भएको दूतावासभित्र रोइरहेका अमेरिकी सैनिक, इरानी झण्डाको छेउमा घुँडा टेकाइएका अमेरिकी सेना वा अमेरिकी नौसैनिक जहाजहरू नष्ट भएको दृश्य देखाउँछन् । तर ती सबै दृश्य कृत्रिमरूपमा तयार पारिएका हुन् ।

यस्ता सामग्रीहरू वास्तविक तस्बिर र भिडियोसँग मिसिएर फैलिँदा तथ्यजाँचकर्ताहरूलाई पनि छिटो पहिचान गर्न कठिन भएको बताइएको छ । साथै, उक्त सामाजिक सञ्जालको आफ्नै एआई संवाद प्रणालीलेसमेत कहिलेकाहीँ प्रयोगकर्ताहरूलाई भ्रामक जानकारी दिएको देखिएको छ ।

अनुसन्धानकर्ताहरूका अनुसार सामाजिक सञ्जालको आम्दानी प्रणालीले पनि यस्तो सामग्री फैलिन प्रोत्साहन दिएको छ । प्रिमियम खाताले दर्शक र सहभागिताका आधारमा आम्दानी पाउने भएकाले सनसनीपूर्ण वा गलत सामग्री पोस्ट गर्दा आर्थिक लाभ हुने सम्भावना बढेको छ ।

उदाहरणका रूपमा एउटा प्रिमियम खाताले दुबईको बुर्ज खलिफा गगनचुम्बी भवनसँग सम्बन्धित कृत्रिम भिडियो पोस्ट गरेको थियो । उक्त सामग्रीलाई कृत्रिमरूपमा बनाइएको भनेर उल्लेख नगरी पोस्ट गरिएको भए पनि हटाइएको थिएन र त्यो करिब २० लाख पटक हेरिएको थियो ।

यसअघि प्रकाशित एक प्रतिवेदनले उक्त सामाजिक सञ्जाल कम्पनीले इरान सरकारसँग सम्बन्धित केही खाताबाट प्रचार सामग्री फैलिँदा आर्थिक लाभ कमाएको देखिएको दाबी गरेको थियो । त्यसपछि कम्पनीले त्यस्ता केही खाताबाट प्रमाणीकरण चिह्न हटाएको बताइएको छ ।

विशेषज्ञहरूका अनुसार कम्पनीले घोषणा गरेको नीति सैद्धान्तिकरूपमा गलत सूचना रोक्ने प्रयास भए पनि यसको प्रभाव कार्यान्वयनमा निर्भर रहने छ । अनुसन्धानकर्ताहरूले कृत्रिम सामग्रीमा रहने डिजिटल विवरण सजिलै हटाउन सकिने भएकाले पहिचान गर्न कठिन हुने चेतावनी दिएका छन् । साथै, सामुदायिक तथ्यजाँच प्रणाली पनि सीमित रूपमामात्र प्रभावकारी भएको उनीहरूको भनाइ छ ।

गत वर्ष गरिएको एक अध्ययनले सामाजिक सञ्जालमा लेखिएका सामुदायिक टिप्पणीहरूमध्ये ९० प्रतिशतभन्दा बढी कहिल्यै प्रकाशित नहुने देखाएको थियो । त्यसैले युद्धजस्ता संवेदनशील परिस्थितिमा फैलिने कृत्रिम नक्कली सामग्री रोक्न अझ प्रभावकारी उपाय आवश्यक पर्ने विज्ञहरूले बताएका छन् । *रासस/एएफपी*

# बंगलादेशी विद्रोह नेताको हत्यामा भारतमा थप पक्राउ

**कोलकाता–** ढाकामा बंगलादेशका लोकप्रिय विद्यार्थी नेता सरिफ उस्मान हादीको हत्यासँग सम्बन्धित अर्का संदिग्धलाई भारतले पक्राउ गरेको छ । पक्राउ गरिएको संदिग्धमाथि हादीको हत्यामा संलग्न दुई जनालाई भारतमा अवैधरूपमा प्रवेश गराउन सहयोग गरेको आरोप लागेको पश्चिम बंगाल प्रहरीले आइतबार जानकारी दिएको छ ।

सन् २०२४ को बंगलादेशीय जनविद्रोहमा सक्रिय हादीलाई डिसेम्बर १२ मा ढाकामा नकाब लगाएका आक्रमणकारीहरूले गोली हानी घाइते बनाएका थिए । उनको पछि सिंगापुरको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो ।

पश्चिम बंगाल प्रहरीले फैसल करिम मसूद र आलमगीर हुसेनलाई हत्याको मुख्य संदिग्धका रूपमा नाम दिएको थियो । हादीमाथि आक्रमणको केही समयपछि ती दुई हलुआघाट सीमाहुँदै भारततर्फ भागेको प्रहरीले बताएको छ । भारतले ८ मार्चमा ती जोडीलाई पक्राउ गरेको थियो र उनीहरू प्रहरी हिरासतमा छन् ।

पश्चिम बंगालको विशेष टास्क फोर्सका सुपरिटेण्डेन्ट इन्द्रजितका अनुसार फिलिप सांग्मालाई मसूद र हुसेनलाई भारत प्रवेश गराउन सहयोग गरेको आरोपमा पक्राउ गरिएको हो । उनलाई जिल्ला अदालतमा प्रस्तुत गर्नुअघि एक हप्ताका लागि प्रहरी हिरासतमा पठाइएको छ ।

हादीको मृत्युपछि बंगलादेशमा हिंसात्मक विरोध प्रदर्शन सुरु भयो । आक्रोशित भीडले भारतको पक्षमा मानिने दुई प्रमुख समाचारपत्र र एक सांस्कृतिक संस्थासहित केही भवनहरूमा आगो लगाएको थियो ।

पूर्वप्रधानमन्त्री शेख हसिनाले प्रजातन्त्र समर्थक विद्रोहबाट भारतमा शरण लिँदा भारत र बंगलादेशबीच सम्बन्धमा तनाव थपिएको थियो । भारतीय विदेश मन्त्रालयले हादीको हत्यामा नयाँदिल्ली संलग्न भएको भन्ने दाबीलाई अस्वीकार गरेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शेख हसिनाको सत्ता बहिर्गमनपछि भएको पहिलो संसदीय चुनावमा बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) को जीतमा बधाई दिनुभएको थियो । *रासस/एएफपी*

# मध्यपूर्व युद्धमा नयाँ उथलपुथल

**पेरिस-** मध्यपूर्व युद्धले यसै साता क्षेत्रमा नयाँ उथलपुथल ल्याएको छ । इजरायली सेनाले पश्चिमी इरानमा व्यापक आक्रमण सुरु गरेसँगै यसले अमेरिका-इजरायल युद्धको दुई हप्ताभन्दा बढी समयपछि क्षेत्रको सुरक्षा र राजनीतिक अवस्था थप जटिल बनाएको छ । सेनाले भनेको छ, 'पश्चिमी इरानमा इरानी समूहको पूर्वाधारलाई लक्षित गर्दै व्यापक स्तरको आक्रमण गरिएको थियो ।'



इराकले बगदाद विमानस्थल नजिकैको जेलको सुरक्षा जोखिममा परेको चेतावनी दिएको छ । उक्त जेलमा सिरियाबाट ल्याइएका इस्लामिक स्टेट समूहका संदिग्धहरू राखिएका छन् । मध्यपूर्व युद्ध सुरु भएदेखि तेहरान समर्थित सशस्त्र समूहहरूले इराकमा रहेका अमेरिकी आधारमा दैनिक ड्रोन र रकेट आक्रमणको दाबी गर्दै आएका छन् ।

युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले अमेरिकासँगको युद्धमा सहयोग जारी राख्दै युक्रेनले अमेरिकी समर्थन गुमाउन नचाहेको बताएका छन् । उनले भने, 'हामी अमेरिका र सहयोगीलाई मध्यपूर्वमा समर्थन दिने हाम्रो इच्छालाई देखाउँदै छौं र युद्धको परिणामले हामीलाई पछि फर्काउन सक्दैन ।'

इरानी रिभोलुसनरी गाड्र्सले आइतबार इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुलाई 'पछ्याउने र मार्ने' धम्की दिएको जनाइएको छ । पेन्टागनले पश्चिमी इराकमा इन्धन भर्ने विमान दुर्घटनामा मारिएका छ जना अमेरिकी चालक दलको पहिचान जारी गरेको छ । मारिएका सदस्यहरूमा जोन क्लिनर, एरियाना साभिनो, एशले प्रुइट, सेठ कोभल, कर्टिस आङस्ट र टायलर सिमन्स रहेका छन् ।

दक्षिण कोरियाले सैन्य विमानमार्फत मध्यपूर्वबाट २०४ जना नागरिक र अन्य सात जनालाई उद्धार गरेको छ । उद्धार गरिएका व्यक्तिहरू आइतबार दिउँसो दक्षिण कोरियामा आइपुग्ने छन् ।

बहराइनको राजधानी मनामामा बिहान विष्फोट भएको छ । बहराइनले इरानी आक्रमण रोक्न १२५ मिसाइल र २०३ ड्रोन नष्ट गरेको जनाएको छ । यस घटनामा दुई राज्य नागरिक र छिमेकी खाडी राष्ट्रहरूमा २४ जनाको मृत्यु भएको छ ।

इराकको राष्ट्रिय फुटबल टोली २०२६ विश्वकप 'प्लेअफ' खेलका लागि मेक्सिकोको यात्रा गर्ने छ । मेक्सिकोको मोन्टेरी सहरमा मार्च ३१ मा हुने खेलअघि टोली निजी विमानबाट प्रस्थान गर्ने छ । बहराइन र साउदी अरबमा अप्रिलमा हुने फर्मुला वन दौड युद्धका कारण रद्द गरिएको छ ।

अस्ट्रेलियामा शरण पाएको इरानी महिला फुटबल टोलीका तीन सदस्यले आफ्नो निर्णय परिवर्तन गरी इरान फर्कने निर्णय गरेका छन् । टोलीका सात सदस्यमध्ये तीन अझै अस्ट्रेलियामा रहेका छन् । *रासस/एएफपी*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - ३०९४०० | प्रति तोला - ० | प्रति तोला - ५२७० |



**मुस्ताङमा हिमपात** | **मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ रानीपौवास्थित मुक्तिनाथ क्षेत्रमा आइतबार परेको हिमपात ।** *तस्बिर: रासस*

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**काठमाडौं (प्रस)**- नेपाल आयल निगम लिमिटेडले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यवृद्धि तथा आपूर्ति व्यवस्थापनको दबाबलाई कारण देखाउँदै निगमले पेट्रोल, डिजेल तथा मट्टितेलको खुद्रा बिक्री मूल्य बढाइएको जनाएको छ ।

निगमका अनुसार नयाँ मूल्य आइतबार राति १२ बजेदेखि लागू हुने गरी समायोजन गरिएको छ । मूल्य समायोजनपछि पेट्रोलमा प्रतिलिटर १५ रूपैयाँ, डिजेल र मट्टितेलमा प्रतिलिटर १० रूपैयाँ बढाइएको निगमले जनाएको छ ।

सो मूल्य वृद्धि भएसँगै अब पेट्रोल पहिलो वर्गमा १६९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १७१ रूपैयाँ र तेस्रो वर्गमा १७२ रूपैयाँ कायम भएको छ । यसैगरी डिजेल र मट्टितेलको नयाँ मूल्य पहिलो वर्गमा १४९ रूपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५१ रूपैयाँ र तेस्रो वर्गमा १५२ रूपैयाँ कायम भएको निगमले जनाएको छ ।

पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, धनगढी र वीरगञ्ज पर्छ । दोस्रो वर्गमा सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल पर्दछ ।

अन्तर्राष्ट्रिय बजारमा बढेको मूल्यका आधारमा उक्त कम्पनीबाट प्राप्त नयाँ मूल्यसूचीअनुसार नेपालमा मूल्य समायोजन गर्नुपरेको निगमले जनाएको छ ।

## भद्रपुरबाट दुई अर्ब ७० करोडभन्दा बढी राजस्व संकलन

**भद्रपुर (झापा)**- आन्तरिक राजस्व कार्यालय भद्रपुरले चालु आर्थिक वर्षको पहिलो आठ महिनामा दुई अर्ब ७० करोड ५८ लाख ९८ हजार रूपैयाँ राजस्व संकलन गरेको छ । यो रकम सो अवधिका लागि तय गरिएको लक्ष्यको ८०.४३ प्रतिशत हो ।

कार्यालयका प्रमुख करअधिकृत गोपालबहादुर थापाका अनुसार चालु आर्थिक वर्षको फागुन मसान्तसम्म तीन अर्ब ३६ करोड ४१ लाख रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको थियो । फागुनमामात्र ४४ करोड ५० लाख ८३ हजार रूपैयाँ राजस्व संकलन गर्ने लक्ष्य रहेकामा लक्ष्यको ५७.१७ प्रतिशतमात्र संकलन भएको उनले जानकारी दिए ।

कार्यालयका अनुसार आठ महिनामा आयकरबाट एक अर्ब २४ करोड ८२ लाख ४४ हजार रूपैयाँ, मूल्य अभिवृद्धि करबाट ९७ करोड ३२ लाख १८ हजार रूपैयाँ तथा अन्तःशुल्कबाट ३६ करोड ७० लाख ५३ हजार रूपैयाँ राजस्व संकलन भएको छ ।

प्रमुख करअधिकृत थापाले गत फागुन २१ गते सम्पन्न भएको प्रतिनिधिसभा सदस्य निर्वाचनका कारण पछिल्लो समय बजार अनुगमनलगायत गतिविधि प्रभावकारीरूपमा सञ्चालन हुन नसकेको बताए । लक्ष्य हासिल गर्न बजार अनुगमनलाई निरन्तरता दिने र करदातामुखी व्यावहारिक कर शिक्षा कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको उनले जानकारी दिए ।

विकास खर्च निराशाजनक

# आठ महिनाको खर्च १९ प्रतिशतमा खुम्चियो

- फागुन मसान्तसम्ममा वार्षिक विनियोजनको ४७.१८ प्रतिशत बजेट खर्च
- चालु शीर्षकको बजेट ५४.३७ प्रतिशत खर्च हुँदा विकास खर्च १९ प्रतिशतमा सीमित
- वित्तीय व्यवस्था शीर्षकमा ५४.८९ प्रतिशत खर्च
- राजस्व संकलन वार्षिक लक्ष्यको ४९.८९ प्रतिशत
- वैदेशिक अनुदान प्राप्तिमा वार्षिक लक्ष्यको २४.७८ प्रतिशतमै सीमित

■ **प्रभाव संवाददाता**




**काठमाडौं**- चालु आर्थिक वर्षको फागुन मसान्तसम्मको विकास खर्च कमजोर देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार दोस्रो चौमासिक अवधिसम्ममा १९ प्रतिशत हाराहारीमात्रै पुँजीगत खर्च भएको छ ।

आर्थिक वर्षका लागि संघीय सरकारले कूल १९ खर्ब ६४ अर्ब ११ करोड रूपैयाँको बजेट ल्याएकामा फागुन मसान्तसम्ममा नौ खर्ब २६ अर्ब ५८ करोड ६५ लाख रूपैयाँ खर्च भएको छ । यो वार्षिक विनियोजनको ४७.१८ प्रतिशत हो । चालु शीर्षकमा ११ खर्ब ८० अर्ब ९८ करोड रूपैयाँ विनियोजन भएकामा ५४.३७ प्रतिशत खर्च भएको छ ।

पुँजीगत शीर्षकमा चार खर्ब सात अर्ब ८८ करोड ८० लाख रूपैयाँ विनियोजन भएकामा १९.२४ प्रतिशत खर्च भएको छ भने वित्तीय व्यवस्था शीर्षकमा तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख रूपैयाँ विनियोजन भएकामा हालसम्म ५४.८९ प्रतिशत अर्थात् दुई खर्ब पाँच अर्ब ९५ करोड २३ लाख रूपैयाँ खर्च भएको कार्यालयले जनाएको छ ।

त्यस्तै, फागुन मसान्तसम्मको सरकारी राजस्व संकलन वार्षिक लक्ष्यको ४९.८९ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख रूपैयाँ राजस्व उठाउने लक्ष्य राखेकामा फागुन मसान्तसम्ममा सात खर्ब ६५ अर्ब १० करोड १६ लाख रूपैयाँ राजस्व उठेको हो ।

कर राजस्वतर्फ १३ खर्ब २५ अर्ब ५८ करोड ३९ लाख रूपैयाँ उठाउने लक्ष्य रहेकामा फागुन मसान्तसम्ममा वार्षिक लक्ष्यको ५१.४ प्रतिशत असुली भएको छ । त्यस्तै, गैरकर राजस्वतर्फ एक खर्ब ५४ अर्ब ४१ करोड ६१ लाख रूपैयाँ उठाउने लक्ष्य राखिएकामा हालसम्म ४५.७८ प्रतिशत असुली भएको कार्यालयले जनाएको छ ।

चालु आर्थिक वर्षका लागि सरकारले ५३ अर्ब ४४ करोड ६९ लाख रूपैयाँबराबर वैदेशिक अनुदान लिने लक्ष्य राखेकामा हालसम्म वार्षिक लक्ष्यको २४.७८ प्रतिशत अर्थात् १३ अर्ब २४ करोड ५० लाख रूपैयाँ अनुदान आएको पनि महालेखा नियन्त्रक कार्यालयले जनाएको छ ।

# अपर ठूलोखोला जलविद्युत्को बिजुली केन्द्रीय 'लाइन'मा जोडियो

■ **सन्तोष गौतम**



**सुगुरथला (म्याग्दी)**- २२.५ मेगावाट क्षमताको 'अपर ठूलोखोला' जलविद्युत् आयोजनाबाट उत्पादन भएको विद्युत् केन्द्रीय लाइनमा जोडिएको छ । रघुगंगा गाउँपालिका-७ मा ठूलोखोला हाइड्रोपावर लिमिटेडले निर्माण गरेको आयोजनाको भौतिक संरचना निर्माण, उपकरण जडान र आन्तरिक परीक्षण सकेर केन्द्रीय लाइनमा विद्युत् जोडिएको हो ।

आयोजनाका प्रमुख शिवसागर यादवले गत फागुन २९ गते साँझ ६:०० बजेदेखि परीक्षणका लागि केन्द्रीय लाइनमा पठाउन थालिएको जानकारी दिए । 'नेपाल विद्युत् प्राधिकरणको प्राविधिक टोलीको उपस्थितिमा पाँच दिनसम्म गरिएको परीक्षण सफल भएपछि केन्द्रीय लाइनमा विद्युत् जोडिएको हो,' उनले भने, 'परीक्षण सफल भएपछि १५ दिनपछि व्यावसायिक उत्पादन सुरु हुन्छ ।'

हालको सुक्खायाममा १३.८६ मेगावाट विद्युत् उत्पादन भएको आयोजना प्रमुख यादवले बताए । बाँध, विद्युत्गृह, पाइप लाइन, प्रसारणलाइन र विद्युत्गृहका उपकरण जडानका साथै आन्तरिक परीक्षण सकेर परीक्षण उत्पादन थालिएको हो । वि.सं. २०८० मा उक्त आयोजना निर्माण सुरु भएको थियो । आयोजना निर्माणस्थल भौगोलिकरूपमा विकट र दुर्गम क्षेत्रमा अवस्थित छ । सुगुरथलामा बाँध, डिसेण्डर (पानी थिग्राउने पोखरी), दुई हजार ९०० मिटर मुख्य पाइप लाइन र ३०० मिटर सर्च साफ्ट पाइप लाइन जडान, फेदीमा विद्युत्गृह निर्माण भएको छ । दुईवटा युनिट (टर्बाइन) रहेको विद्युत्गृह परिसरमा स्वीचयार्ड निर्माण भएको इञ्जिनियर सञ्जीव न्यौपानेले बताए ।

यो आयोजना 'रन अफ द रिभर' प्रकृतिको हो । फेदीदेखि बन्दीसम्म १४ वटा टावर बनाएर छ किलोमिटर लामो १३२ केभी क्षमताको प्रसारणलाइन निर्माण भएको छ । बन्दीदेखि ठूलोखोला र चिमखोलादेखि चिमखोला-मंगले-राहुघाट जलविद्युत् आयोजनासँग सहकार्य गरेर तिल्केनीचौर हुँदै २२० केभी क्षमताको दाना-खुर्कोट प्रसारणलाइनमार्फत आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा आबद्ध गराइएको छ । फेदीदेखि तिल्केनीचौरसम्म प्रसारण लाइनको दूरी २३.५ किलोमिटर छ ।

पाँच अर्ब १४ करोड रूपैयाँ लागत अनुमान गरिएको आयोजनामा सिटिजन्स, माछापुच्छ्रे र कृषि विकास बैंकले ७० प्रतिशत ऋण लगानी गरेका छन् । प्रवर्द्धकको १० प्रतिशत लगानी रहने आयोजनाको २० प्रतिशत लगानी सेयर जारी गरेर सर्वसाधारणमार्फत जुटाइने छ ।

बेनीदेखि आयोजना निर्माणस्थल जोड्ने सडक गत वैशाख-जेठमा स्तरोन्नतिका कारण र बर्खामा मलाङको पहिरोका कारण अवरुद्ध हुँदा विद्युत्गृह, प्रसारणलाइन र स्वीचयार्डका उपकरण ढुवानीमा समस्या भएको थियो । राहुघाट र सहायक नदीहरूमा यसअघि तीनवटा जलविद्युत् आयोजना निर्माण भइसकेका छन् । तुँदी पावरले प्रवर्द्धन गरेको ३५.५ मेगावाट क्षमताको चिमखोला-राहुघाट-मंगले र त्यसको क्यासकेडका रूपमा ४८.५ मेगावाट क्षमताको अपर राहुघाट जलविद्युत् आयोजना सञ्चालनमा आइसकेका छन् ।

राहुघाटको सहायक ठूलोखोलामा संयुक्त ऊर्जा लिमिटेडले निर्माण गरेको २१.३ मेगावाट क्षमताको ठूलोखोला जलविद्युत् आयोजनाले गत भदौदेखि व्यावसायिक उत्पादन थालेको थियो । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगंगा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको अन्तिम चरणमा पुगेको छ । *रासस*

**सन्दर्भ: वैदेशिक रोजगार**

## विद्यार्थी-युवा लक्षित कार्यक्रम गर्दै ग्लोबल आइएमई बैंक

**काठमाडौं (प्रस)**- ग्लोबल आइएमई बैंकले विद्यार्थी तथा युवा लक्षित वित्तीय साक्षरताका कार्यक्रमहरू आयोजना गर्ने भएको छ । ग्लोबल मनि विक-२०२६ को अवसरमा बैंकले सप्ताहव्यापीरूपमा मुलुकका सातवटै प्रदेशमा विद्यार्थी तथा युवा लक्षित वित्तीय तथा डिजिटल साक्षरताका कार्यक्रमहरू आयोजना गर्न लागेको हो ।




बैंकले ग्लोबल मनि विक २०२६ को मुख्य नारा 'स्मार्ट मनि टक्स'लाई आत्मसात् गरी आज मार्च १६ देखि मार्च २२ सम्म बैंकका विभिन्न शाखा कार्यालयहरूबाट वित्तीय साक्षरताको कार्यक्रम सञ्चालन गर्ने छ । यसका साथै, बैंकले वित्तीय साक्षरतासम्बन्धी विभिन्न सामाग्रीहरू उत्पादन तथा प्रकाशन गरी आफ्नो आधिकारिक सामाजिक सञ्जालहरूमार्फत पनि प्रसारण गर्ने जानकारी दिएको छ ।

वित्तीय साक्षरता अभिवृद्धिका लागि बैंकले हरेक वर्ष आफ्ना शाखा कार्यालयहरूमार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । यस आर्थिक वर्षमा हालसम्म बैंकका ७० भन्दा बढी शाखा कार्यालयले वित्तीय साक्षरता कार्यक्रम सम्पन्न गरिसकेको बैंकले जानकारी दिएको छ ।

'कार्यक्रममा बचत, कर्जा, रेमिटचान्स, डिजिटल बैंकिङ, बिमा, लगानी, अतिरिक्त बैंकिङ सेवाहरू, वित्तीय ठगी र वित्तीय अनुशासनसम्बन्धी विषयवस्तुमा जानकारी गराइएको छ,' बैंकद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

## नवौं सिटिजन्स इन्ट्रा बैंक इण्डोर क्रिकेट प्रतियोगिता सम्पन्न

**काठमाडौं (प्रस)**- नवौं सिटिजन्स इन्ट्रा बैंक इण्डोर क्रिकेट प्रतियोगिता-२०२६ सम्पन्न भएको छ । सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको १९औं वार्षिकोत्सवका अवसरमा आयोजित प्रतियोगिता फागुन २९ र ३० गते काठमाडौंमा सम्पन्न भएको हो ।

प्रतियोगितामा बैंकका विभिन्न विभाग तथा शाखाका ८४ जना कर्मचारीको सहभागिता रहेको थियो । प्रतियोगिताका विजेताहरूलाई बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले पुरस्कार वितरण गरेका थिए ।



उक्त कार्यक्रममा सम्बोधन गर्दै प्रमुख कार्यकारी अधिकृत पोखरेलले यस्तो कार्यक्रमले संस्थाको संस्थागत संस्कारलाई मजबुत बनाउनेमात्र नभई सुशासन र प्रणालीगत अनुशासनप्रति संस्थाको प्रतिबद्धतासमेत झल्काउने बताए । संस्थाभित्र अनुशासन, आपसी सहकार्य तथा स्वस्थ जीवनशैलीलाई प्रवर्द्धन गर्न प्रतियोगिताले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वाससमेत उनले व्यक्त गरे ।

## ओप्पो किन्दा रोयल इन्फिल्ड हन्टर जित्ने अवसर




**काठमाडौं (प्रस)**- विश्वव्यापी स्मार्टफोन ब्राण्ड ओप्पोले आगामी नेपाली नयाँ वर्षलाई लक्षित गर्दै 'ओप्पो नयाँ वर्ष, नयाँ उमंग' अभियान सार्वजनिक गरेको छ । यस अभियानमार्फत देशभरका ग्राहकले साप्ताहिकरूपमा आकर्षक पुरस्कार तथा बम्पर पुरस्कारअन्तर्गत 'रोयल इन्फिल्ड हन्टर' जित्ने अवसर पाउने भएका छन् । 'नेपाली नयाँ वर्षलाई स्वागत गर्दै सञ्चालन गरिएको यो अभियान चार हप्तासम्म चल्ने छ । अभियान अवधिमा ओप्पो स्मार्टफोन खरिद गर्ने ग्राहकहरूले लक्की ड्रमा सहभागी भई विभिन्न आकर्षक पुरस्कार जित्ने अवसर पाउने छन्,' कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

अभियान अवधिभर प्रत्येक हप्ता एक जना भाग्यशालीग्राहकलाई साप्ताहिक लक्की ड्रमार्फत ओप्पो एढ स्मार्टफोन प्रदान गरिने जनाइएको छ । उक्त अभियानको समापनमा चैत ३० बम्पर ड्र हुने छ । उक्त ड्रमार्फत एक जना भाग्यशाली विजेताले रोयल इन्फिल्ड हन्टर ३५० मोटरसाइकल प्राप्त गर्ने जानकारी दिइएको छ ।

**प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित** **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, **इमेल**: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ